# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ४६ पूर्णाङ्क १४४ | २०७६ जेठ १३ गते सोमबार | Monday, 27 May, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## डबल नेकपा परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश



चितवन । जिल्लाको दलित आन्दोलनको स्थापित नेता तथा सरकारी नेकपाका सक्रिय कार्यकर्ता देवीलाल विश्वकर्मा र ...बाँकी ४ पेजमा


# ‘उत्पीडित वर्ग र समुदायको राज्यसत्ताका निम्ति क्रान्ति अपरिहार्य’

● वर्गदृष्टि संवाददाता



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य‘ किरण’ले उत्पीडित वर्ग र समुदायको राज्यसत्ता स्थापित नभएको चर्चा गर्दै त्यसका लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न उत्पीडित वर्ग र समुदाय एकढिक्का भएर क्रान्तिको प्रक्रियामा अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्नुभएको छ । पार्टी निकट नेवाः राष्ट्रिय मुक्ति मोर्चाको २१ औं स्थापना दिवस तथा चौथो राष्ट्रिय भेलाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो बताउनु भएको हो । महासचिव किरणले भन्नुभयो, “दशवर्षसम्म हामी संसदीय राज्यसत्ता तथा व्यवस्थालाई खत्तम पारी नयाँ जनवादी राज्यव्यवस्था हुँदै वैज्ञानिक समाजवाद स्थापनाका निम्ति जनयुद्ध लडेका थियौं । हामीले उत्पीडित वर्ग र समुदायको मुक्तिका निम्ति पहिचानमा आधारित संघीय जनगणतन्त्रको स्थापना गर्नुपर्छ भनेर लडेका थियौं । तर नेतृत्वले गरेका गद्दारीका कारण जनयुद्धमाथि गम्भीर धोका ...बाँकी ४ पेजमा

## १७ औं इच्छुक स्मृति दिवसमा ७ वटा संगठनको प्रभातफेरी, इच्छुक प्रतिष्ठानमा विशेष कार्यक्रम




काठमाडौं । प्रगतिशील लेखक, साहित्यकार, कवि तथा पत्रकार कृष्ण सेन इच्छुकको १७औं स्मृति दिवसको अवसरमा नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी पत्रकार महासंघ, अखिल नेपाल जनजाति महासंघ ...बाँकी ४ पेजमा

## देजमोले गऱ्यो पोखरा र नवलपुरमा कोण सभा

पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पोखरा र नवलपुरमा सन्देस सभा सम्पन्न गरेको छ । प्राप्त जानकारी अनुसार १० जेठमा चैत्रमा सम्पन्न प्रथम राष्ट्रिय सम्मेलनको सन्देश प्रवाह गर्ने क्रममा पोखरा ३३ बाघमारामा सभा सम्पन्न गरेको हो । मोर्चाका केन्द्रीय कोषाध्यक्ष केशबहादुर परियारको प्रमुख आतिथ्यतामा सम्पन्न सभामा अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष कमल चौधरी, नेकपा (क्रान्तिकारी माओवादी)का कास्की इन्चार्ज अरुण, मोर्चाका सल्लाहकार भिमबहादुर ...बाँकी ४ पेजमा

## ‘यो दलाल सत्ता जतिसक्दो चाँडो फाल्नुपर्छ’




काठमाडौं । राष्ट्रघात, फासीवाद र भ्रष्टाचार विरुद्ध पाँच पार्टीद्वारा आयोजित अन्तरसम्वाद कार्यक्रमलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले ओली नेतृत्व सरकार जति धेरै सत्तामा रह्यो, त्यति धेरै राष्ट्रघात, फासीवाद र भ्रष्टाचारका चाङ लगाउने काम भन्दा अरु नगर्ने हुँदा यसलाई जतिसक्दो चाँडो फाल्नुपर्ने धारणा राखेका छन् ।

ओली सरकार कम्युनिस्ट सरकार नभएर दलाल संसदीय पुँजीवादी सत्ता भएकोले र लोकतान्त्रिक गणतन्त्र रुपी अहिलेको संसदीय सरकार जनविरोधी र राष्ट्रविरोधी भएकोले ...बाँकी ४ पेजमा

## विद्यार्थीको अनिश्चितकालीन अनसन जारी, ऐक्यबद्धताको लहर

# कैलाली र चितवनमा प्रदर्शन




काठमाडौं । मोहन वैद्य‘किरण’ नेतृत्वको अखिल (क्रान्तिकारी) केही दिनदेखि निरन्तर सडक आन्दोलनमा छ । शिक्षा क्षेत्रमा विद्यमान निजीकरण, व्यापारीकरण, माफियाकरण तथा शैक्षिक संस्थाहरुमा मौलाउँदो भ्रष्टाचार, अनियमिता तथा अपारदर्शिताका विरुद्ध उसले आवाज उठाउँदै आएको छ । कहिले संयुक्त त कहिले एकल रुपमा पछिल्ला केही हप्तादेखि अखिल (क्रान्तिकारी)ले सडक तताइरहेको छ । र, जनयुद्धकालीन गौरवशाली विरासतलाई पुनर्जीवित गराउने प्रयास जारी राखेको छ ।

सत्ता र शक्तिको वरिपरि गोलचक्कर मारिरहेका र मन्त्री सांसदहरुका ढोका चहारिरहेका विद्यार्थी नेता कार्यकर्ताहरुको अवसरवादी चरित्रले शिथिल र मृत प्रायः अवस्थामा पुगेको विद्यार्थी आन्दोलनलाई श्वास हाल्ने काम क्रान्तिकारी विद्यार्थीहरुले गरिरहेका छन् । तमाम प्रतिकूलता र अप्ठेराहरुलाई चिर्दै अखिल (क्रान्तिकारी)ले जारी राखेको यो आन्दोलनलाई आमूल परिवर्तनका पक्षधर आम विद्यार्थीहरुले आशाको नजरले हेरिरहेका छन् ।

अखिल ...बाँकी ४ पेजमा

## पत्रकारको बुटवलमा, जनजातिको पोखरामा सम्मेलन हुँदै

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन जेठ १६ र १७ गते बुटवलमा सम्पन्न हुँदैछ । सम्मेलनको उद्घाटन क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’ले गर्ने कार्यक्रम रहेको महासंघले जनाएको छ । सम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्नका लागि क्रान्तिकारी पत्रकार महासंघले जिल्ला र प्रदेशबाट ३/३ जना प्रतिनिधि र २/२ पर्यवेक्षक छनौट गरेको छ । सम्मेलनकै तयारी स्वरुप महासंघले ६ वटा प्रदेशको भेला र जिल्लाहरुको भेला सम्पन्न गरेको छ । प्रदेशहरुमा भने महासंघले पेशागत र जनअधिकारका मुद्दाहरुलाई लिएर मुख्यमन्त्रीहरुलाई ज्ञापन पत्र समेत बुझाएको छ । सम्मेलनले महासंघको क्रान्तिकारी नीति र जुझारु नेतृत्वको टिम निर्माण गर्ने बताइएको छ । महासंघले ‘साम्राज्यवादी भूमण्डलीकरणका विरुद्ध जनपक्षीय सञ्चारका निम्ति हाम्रो आन्दोलन !, पूर्ण प्रेस स्वतन्त्रता, पेशागत सुरक्षा र जनगणतन्त्रका पक्षमा दोस्रो राष्ट्रिय सम्मेलन !!’ भन्ने मूल नारा तय गरेको छ ।

यसैबीच, क्रान्तिकारी माओवादी निकट अखिल नेपाल जनजाति महासंघको राष्ट्रिय सम्मेलन १८ र १९ गते जेठमा पोखरामा हुँदैछ । सम्मेलनको सम्पूर्ण तयारी सकिएको महासंघले जनाएको छ । क्रान्तिकारी माओवादीका महासचिव किरणद्वारा उद्घाटन गरिने कार्यक्रममा आदिवासी जनजातिका नेताहरुको पोखरामा जमघट भएको छ ।

# विश्व वैंक, पुँजीवाद र भविष्य



● क. वसन्त ●

“संसारका मजदुर एक हौं” भन्ने नाराका आधारमा अन्तर ाष्ट्रिय एकता निर्माण गरेर समाजवादको स्थापनाका लागि अगाडि बढ्नु जरूरी छ । पुँजीवादको अन्त र वैज्ञानिक समाजवादको स्थापना अब धेरै टाढा छैंन ।

विश्व बैंकले २०१९को सुरुमै एउटै प्रकृतिका दुईवटा महत्वपूर्ण पुस्तकहरु प्रकाशन गरेको छ । ती दुई पुस्तकहरु मध्ये एउटा विश्व विकास प्रतिवेदन २०१९ (World Development Report 2019) र अर्को वैश्विक आर्थिक संभावनाहरु २०१९ (Global Economic Prospects 2019) शीर्षकमा प्रकाशित भएका छन् । दुवै पुस्तकले विज्ञानको पछिल्लो विकास अर्थात स्वचालन र कृत्रिम प्रज्ञालाई आफ्नो विश्लेषणको मूल आधार बनाएका छन् । नाम अनुसार नै पहिलो पुस्तकले प्रविधि-निर्देशित वर्तमान विश्वको अर्थ-सामाजिक चित्र उतार्न कोशिस गरेको छ भने दोस्रोले मूख्यतः आगामी विश्वको दिशा आंकलन गर्ने प्रयास गरेको छ । यी दुई पुस्तकको अध्ययन गर्ने जो कोहीले आजको पुँजीवादी विश्व कहाँ छ र साम्राज्यवादले विश्वलाई कतातिर डोऱ्याउँदै छ भन्ने बारे मोटामोटी जानकारी प्राप्त गर्न सक्छ । यो लेख उक्त पुस्तकहरु तर्फ पाठकको ध्यानाकर्षण गराउने र नयाँ चुनौतीहरुको समाधान कसरी गर्ने भन्ने विषयको सेरोफेरोमा केन्द्रित रहने छ ।

सबैभन्दा पहिला विश्व विकास ...बाँकी ७ पेजमा

## सम्पादकीय

# भारतीय लोकसभाको मत संकेत

छिमेकी देश भारतमा भखैरै सम्पन्न लोकसभाको निर्वाचनमा भारतीय जनता पार्टीले ३०३ सिटमा विजय हासिल गरेको छ । यो विजयसँगै भाजपाले सहज बहुमत प्राप्त गरेको छ । साथै, आगामी सरकार निर्माण गर्ने अवसर प्राप्त गरेको छ । यो नतिजा सन् २०१४ मा भाजपालाई प्राप्त भएको चुनावी नतिजाभन्दा २२ सिट बढी हो । भारतीय जनता पार्टी हाल आफैमा सत्तारुढ पार्टी पनि हो । चुवावको वरिपरिका दिनहरुमा मोदीको लोकप्रियतामा केही ह्रास आएको पनि थियो । भारतीय राष्ट्रिय कांग्रेसले राहुल गान्धी अध्यक्ष र महासचिवमा प्रियंका गान्धीलाई चयन गरेर स्थिति केही सुदृढ गरेको प्रचार पनि गरिरेको थियो ।

यसै अवसरमा भारतमा लोकसभाको निर्वाचन भयो । देशभरका कूल ९० करोड मतदाताले यो निर्वाचनमा मतदान गरे । कूल मतदाताको ६७ प्रतिशत मत भारतीय जनता पार्टी एक्लैले प्राप्त गर्‍यो । कूल मतदाताको ६७ प्रतिशतलाई मतसंख्यामा रुपान्तरण गर्दा ६० करोड मतदाता बराबर हुन आउँछ । यसको सोझो अर्थ हो, ९० करोड कूल मतदातामध्ये ६० करोड मतदाताले भारतीय जनता पार्टीका पक्षमा मतदान गरे । यसले गर्दा सन् १९१४ को निर्वाचनमार्फत् भारतका १४ औं प्रधानमन्त्री बन्न पुगेका मोदी र उनको पार्टीले पन्ध्रौं प्रधानमन्त्रीका रुपमा पनि निरन्तरता दिने जनादेश पाएका छन् । भारत जस्तो ठूलो लोकतान्त्रिक देशमा सत्तारुढ दलले फेरि पनि बहुमत प्राप्त गर्नुलाई विश्वका राजनीतिज्ञ तथा राजनीतिक विश्लेषकहरुले निकै रुचीपूर्वक अध्ययन र विश्लेषणको विषयवस्तु बनाएका छन् ।

भाजपाको नेतृत्वमा बनेको गठबन्धन एनडीएमा जोडिएका अरु दलहरुमा शिव सेनाले १८, जनता दल युनाइटेडले १६, लोक जनशक्ति पार्टीले ६, अकाली दल र अप्ना दलले दुई/दुई तथा झारखण्ड विद्यार्थी संघ, लोकतान्त्रिक पार्टी, मिजो नेसनल फ्रन्ट र नेसनल पिपल्स पार्टीले एक/एक स्थानमा विजय प्राप्त गरेका छन् । गठबन्धनमा रहेका शिव सेना र युनाइटेडले क्रमशः १८ र १६ सिट हासिल गर्नुका पछाडि भाजपाको प्रभाव र सहयोगले ठूलो काम गरेको छ ।

विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसले ५२ सिट मात्रै आफ्नो पोल्टामा पार्न सफल भएको छ । यो पनि अघिल्लो पटकको लोकसभा निर्वाचनको तुलनामा ८ सिट बढी हो । कांग्रेस नेतृत्वको यूपीए गठबन्धनले कुल ८७ निर्वाचन क्षेत्रमा विजय हासिल गरेको छ । गठबन्धनमा आबद्धमध्ये बिदा मुन्नेत्र काझागमले २३, नेसनलिस्ट कंग्रेस पार्टीले ५, इन्डियन युनियन मुस्लिम लिगले तीन सिट हात पारेका छन् । यो निर्वाचन परिणामपछि भाजपा र यसको गठबन्धनले देशव्यापी विजय र्‍याली चलाइरहेको छ भने भारतीय राष्ट्रिय कांग्रेस र यसको गठबन्धनले निर्वाचन परिणामलाई सहज रुपमा स्वीकार गरी आफ्नो विपक्षी जनादेशलाई अघि बढाउने कुरा गरिरहेको छ ।

आफैमा सत्तारुढ अनि त्यसमा पनि हिन्दु धर्म आफ्नो आदर्श मान्ने दल र यसले अंगीकार गरेको विचारप्रति यति धेरै मत किन त ? यसका पछाडि धेरै कारणहरु रहेका छन् । भारतीय घरेलु राजनीति विश्लेषण गर्दा देश र जनताका लागि अन्य दलहरुभन्दा भारतीय जनता पार्टीले केही न केही जनमुखी कामहरु गरेको र सापेक्षतामा अरुभन्दा केही बढी लोकप्रिय रहेको पनि देखिन्छ । समकालीन भारतीय राजनीतिको शीर्षस्थानमा रहेका नेताहरुमा मोदी सबैभन्दा पाका देखिन्छन् । उनको प्रतिस्पर्धी भएर उभिने गरी अरु दलका नेताहरुको वैचारिक प्रौढता, परिपक्वता, गाम्भीर्यता र कार्यनीतिक दाउँपेच कच्चा र अपुग देखिन्छ । योभन्दा पनि अर्को महत्वपूर्ण कुरा हो, मोदी आफैमा तिलस्मी र महत्वाकांक्षी पनि छन् । उनले लिएको बाटो र सपना आफैमा बढी मनोवैज्ञानिक, केही विशिष्ट र रुको भन्दा बढी प्रभावकारी पनि छ । यसैका कारणले उनले राजनीतिक एजेण्डाहरु पनि भेट्याए । पाएका कुराहरुलाई विपक्षी विरुद्ध अस्त्र बनाएर प्रहार गर्न उनी निकै निपूर्ण छन् । यसले पनि केही जनताको पंक्तिमा प्रभाव पार्‍यो ।

विश्वमा अहिले स्वरुपमा प्रजातन्त्र र प्रजातान्त्रिक क्रियाप्रक्रियाका कुरा गरे पनि अन्तर्यमा क्षेत्रीयता र धार्मिकता जस्ता आत्मिक र भौगोलिक पहिचानका कुराहरुले केही विसाल स्थान ग्रहण गर्दै गइरहेको छन् । क्रिश्चियानिटीको बढ्दो अतिक्रमण र हिन्दु सभ्यताको अस्तित्वको खतरा धार्मिक-सांस्कृतिक रुपमा हिन्दुस्थानीहरुका लागि निकै पीडाको विषय हो । यसैसँग अर्कोतिर मोदीले उठाएको राष्ट्रियताको कुरा भौगोलिक भन्दा पनि हिन्दु सभ्यता भर्सेस मुस्लिम सभ्यता र मूलतः छिमेकी देश पाकिस्तानसँगको 'टसल' र 'टेन्सन' का कारणले पनि बढी नै 'क्यास' हुन पुगेको देखिन्छ ।

अन्तर्राष्ट्रिय अन्तरविरोध भिन्न रुपमा विकास भएको छ । अन्तर ाष्ट्रिय रुपमा सभ्याताहरुका बीचमा आत्मिक, भावनात्मक र पहिचानका हिसाबले अन्तरविरोध देखा परेको छ । यी सबै अन्तरविरोध र संभावनाहरुलाई मोदी र मोदीसँग रहेका नीतिनिर्माताले एक ठाउँमा लिएर निकै कलात्मक र कार्यनीतिक अस्त्रको विकास गरे । त्यसमा अलिकति राष्ट्रियता पनि, हिन्दुत्व पनि, सीमान्तकृतका एजेण्डा पनि र सिंगो भारत निर्माणको सपना पनि एकआपसमा घोलघाल पारिए । यसले निकै स्वादिलो र रंगीलो राजनीतिक वातावरण निर्माण गरिदियो । यो घाललाई राजनीतिक एजेण्डाका रुपमा जनता माझ पस्किदिए, मोदीले । बहुलता र बहुरंगमा अभिव्यक्त भारतीय समाजका माझमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरविरोधको मिहिन अभिव्यक्तिले मोदीको तिलस्मी सपना जनताबाट अनुमोदित भयो । परिणामस्वरुप भारतीय जनता पार्टीले सहज बहुमत हासिल गर्‍यो ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# सुशासन, समृद्धि र राजनीतिक संस्कार

● डा. घनश्याम न्यौपाने 'परिश्रमी' ●

**सुशासन त्यहाँ लागु भएको हुन्छ जहाँ कानुनको अक्षरशः पालना गरिएको हुन्छ । सुशासन त्यहाँ लागु भएको हुन्छ जहाँ जनताको हित तथा सुखसमृद्धिप्रति राज्यको गहिरो सरोकारसहितको चासो रहेको हुन्छ । सुशासन त्यहाँ लागु भएको हुन्छ जहाँ योग्यता, दक्षता र क्षमता भएकाहरूले मात्र शासकीय तथा प्रशासकीय जिम्मेवारीको भूमिका पाएका हुन्छन् । सुशासनमा अनुशासनको सीमा कसैले उल्लङ्घन गर्न पाउँदैन, जसले गर्छ उसले सजायँ पाउँछ । सुशासनले हरेक नागरिकलाई अनुशासन र सभ्यता सिकाउँदै सचेत तुल्याउनुका साथै जिम्मेवारी बोध गराएको हुन्छ र सुयोग्य नागरिक बन्न प्रेरित गरेको हुन्छ ।**

सुशासन, विकास र समृद्धि यी तीनवटै शब्दका बीचमा रगत, नङ र मासुको जस्तै अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । जुनसुकै मुलुकको समृद्धिका लागि प्रथमतः सुशासनको आवश्यकता हुन्छ । सुशासनको तात्पर्य हो- कुशल शासकबाट राम्रो ढङ्गले गरिने शासन । यस्तो शासन विधिसम्मत हुन्छ, जहाँ जनताले सामाजिक न्याय र समानताको अनुभूति गर्न पाएका हुन्छन् । हामीले सरल भाषामा यसलाई कानुनी राज्यको शासन वा प्रशासन भनेर पनि बुझ्दछौं । शासन मूलतः सरकार वा राज्यसत्ता चलाउनेहरूको दायित्वसँग सम्बन्धित हुन्छ । सुशासनले मुलुकलाई अनुशासित र सभ्य बन्न सघाउँछ ।

सुशासनको अभावमा मुलुकमा नातावाद, कृपावाद तथा चाकरी चाप्लुसीले प्रश्रय पाउँछन् र भ्रष्टहरूको चुरीफुरी बढ्दछ । फलतः निर्बाध रूपमा अनेकौं विकृति, विसङ्गति तथा अनुशासनहीनता, अस्थिरता र अराजकताले उम्रिने, फैलिने र फस्टाउने अनुकूल अवसर पाउँछन् र योग्य, दक्ष, इमानदार र सज्जन नागरिकहरूमा निराशाको अवस्था सिर्जना हुन्छ । यस्तो अवस्थामा सरकारप्रति जनताको विश्वासमा निकै ह्रास आउन थाल्दछ । यसर्थ सरकारको बागडोर हातमा लिएका दल वा नेतृत्व वाहक व्यक्तिहरूमा यस कुराको राम्रो हेक्का हुनुपर्दछ । यदि सत्तामा रहेका व्यक्तिहरू लोभलालच र स्वार्थको दलदलमा फसे भने सुशासनको सौन्दर्यमा स्वतः आघात पर्दछ ।

विकास प्रगति वा उन्नतिको पर्याय हो । मुलुकमा जबसम्म सुशासन कायम हुन सक्दैन तबसम्म विकासको परिकल्पनाले सार्थकता पाउन सक्दैन । सुशासनको अभावमा मुलुकको विकासको गतिशीलतामा अवरोध उत्पन्न हुन्छ । विकास हुन नसकेका मुलुकहरू स्वभावतः गरिब देशका रूपमा चिनिन्छन् भने त्यस्ता देशका जनताको परिचय पनि गरिब देशका जनताकै रूपमा हुन्छ । हामीले देखेका छौं, जुन जुन मुलुकमा सुशासन छ ती ती मुलुकको विकास तीव्र गतिमा भएको छ । जुन जुन मुलुकमा सुशासन छैन ती ती मुलुकहरूको अवस्था अधोगतितर्फ उन्मुख देखिन्छ । वास्तवमा सुशासन नभएको अवस्थामा उत्पन्न हुने अराजकताले मुलुकको विकासको गतिमा अवरोध पुऱ्याउने दिशामा प्रमुख भूमिका निर्वाह गरेको हुन्छ । यसर्थ सत्तासीनहरूले ठुलाठुला नारा अगाडि सारेर विकासका लागि हल्ला गर्नुभन्दा पूर्व सुशासनतर्फ ध्यान दिनु आवश्यक हुन्छ ।

समृद्धिले सम्पन्नतालाई बुझाउँछ । सम्पन्नताको प्राप्ति विकासबाट मात्र सम्भव हुन्छ । सूक्ष्म दृष्टिले हेर्दा विकास र समृद्धि पर्यायवाची शब्दजस्तै लाग्दछन् । जहाँ विकास छैन त्यहाँ समृद्धिको उपस्थिति हुँदैन । यसर्थ विकास र समृद्धि भनेका एउटा सिक्काका दुईवटा पाटा हुन् । जसरी विकासका लागि सुशासन आवश्यक हुन्छ त्यसरी नै समृद्धिका लागि विकास अपरिहार्य हुन्छ । संसारका विकसित मुलुकहरूलाई हामी समृद्ध मुलुक भनेर चिन्दछौं । युरोप, अमेरिका, अस्ट्रेलिया तथा एसियाअन्तर्गतका चीन, जापान, कोरियाजस्ता मुलुकहरू सम्पन्न हुनुमा त्यहाँको सुशासन र विकासको भूमिका निकै महत्वपूर्ण मानिन्छ । सुशासन जहिले पनि देश र जनताको सर्वोपरि हितमा केन्द्रित हुन्छ । जुन देशमा समृद्धि छ त्यस देशका जनता स्वाभाविक रूपले समृद्ध मानिन्छन् । खास गरी समृद्ध मुलुकका जनताले बेरोजगारीको रोगबाट ग्रस्त हुनु पर्दैन । असमृद्ध मुलुकका अधिकांश जनताको आर्थिक अवस्था कमजोर हुन्छ ।

यसका कारण यस्ता मुलुकहरूको युवाशक्ति अर्थोपार्जनका लागि रोजगारीको खोजीमा भौंतारिएको हुन्छ । यस्तो शक्ति अन्ततः कामको लागि विदेशिन्छ । मुलुकभित्रको युवा जाँगर तथा सीप र शक्तिलाई आफ्नै भूमिभित्र सदुपयोग गर्न नसक्दा परिणामतः देशको अवस्था झनै नाजुक र जर्जर हुन पुग्दछ । यसको ज्वलन्त उदाहरणका रूपमा हामीले हाम्रो देशलाई नै लिन सक्दछौं । मुलुकले राष्ट्रभित्र काम दिन नसकेकै कारण दैनिक सयौंको संख्यामा नेपाली युवाजगत् विदेशिइरहेको हाम्रा आँखासामु छर्लङ्ग छ । हुँदाहुँदा अब त वैदेशिक रोजगारी नेपालीका लागि परम्परा र संस्कारजस्तै भइसकेको छ । वैदेशिक रोजगारीसँग नजोडिएका युवालाई हेर्ने दृष्टिकोण समेत प्रतिकूल हुन थालेको छ । परिस्थितिवश मेरा छोरा, छोरी वा बुहारी विदेशमा छन् भन्न पाउँदा आमाबाबुले गर्व गर्ने अवस्थाको सिर्जना भएको छ । तर यस्तो अवस्था सिर्जना हुनुलाई किमार्थ राम्रो मान्न सकिँदैन ।

नेपाल समृद्धिको शिखर चढ्दै गरेका एसियाका दुई विशाल मुलुक चीन र भारतका बिचमा रहेको सानो भूपरिवेष्ठित मुलुक हो । राजनीतिक अस्थिरताले गर्दा नै यस मुलुकको विकास हुन नसकेको कटु यथार्थ हाम्रा सामु छ । नेपालले राजतन्त्रको लामो परम्परित इतिहासबाट मुक्ति पाएको पनि बाह्र वर्ष नाघिसकेको छ तापनि यसअन्तरालमा पटकपटक बनेका अल्पकालीन अस्थिर सरकारका कारण मुलुकले सुशासन पाउन सकेको थिएन । त्यसैले विकासको गति पनि सुस्त थियो । अब भने यस्तो अवस्था छैन । दक्षिण एसियाको कान्छो गणतान्त्रिक मुलुकका रूपमा यस देशको पहिचान बनिसकेको छ ।

अहिले मुलुकलाई दुई तिहाइको जनमत प्राप्त वामपन्थी नेतृत्वको सरकारले हाँकिरहेको छ । यस्तो अवस्थामा सरकारले कुनै पनि गलत किसिमका कुराहरूबाट प्रभावित नभईकन सुशासनको विधिलाई बलियोसँग समातेर शासन गर्नु र विकासका आधारहरू पहिचान गरी तिनको कार्यान्वयनतर्फ प्रतिबद्धतापूर्वक लाग्नु आवश्यक भइसकेको छ । सुशासन भएको अवस्थामा नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पुँजीपति र उद्योगपतिहरूले उद्योगका लागि लगानी गर्ने वातावरण तयार हुन्छ ।

बहुराष्ट्रिय कम्पनीहरू शान्ति नभएको मुलुकमा लगानी गर्न हिच्किचाउँछन् । जबसम्म मुलुकभित्र पर्याप्त मात्रामा उद्योगधन्दा खुल्दैनन् तबसम्म रोजगारीका ढोकाहरू पनि खुल्दैनन्, बन्द नै रहन्छन् । जनताको आर्थिक अवस्था तबसम्म सुदृढ हुँदैन जबसम्म रोजगारीको अवसर सुनिश्चित हुँदैन । यी सबै कुराका लागि शासन र प्रशासन चुस्त दुरुस्त हुनुपर्दछ । जहिलेसम्म सरकारमा रहेकाहरूले दक्ष र योग्य व्यक्तिहरूलाई पहिचान नगरी चाकरी र चाप्लुसी गर्नेहरूका कुरा सुन्दछन्, आफन्त, चिनेजानेका, भनसुन गर्ने, कामचोर र घुसखोरहरूलाई जिम्मेवारी दिइरहन्छन् र सर्वसाधारण जनतालाई शान्तिसुरक्षा र न्यायको प्रत्याभूति दिन सक्दैनन् तबसम्म सुशासनको परिकल्पना गर्न सकिँदैन ।

सुशासन त्यहाँ लागु भएको हुन्छ ...*बाँकी ७ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# पर्भुको पुनर्उदय



नेपाल मण्डलको साख्खै छिमेकी मण्डलमा पर्भु माराजको पुनर्उदय भएको छ । उता पर्भुको पुनर्उदय भएपछि यता नेपाल मण्डलमा भक्तजनहर्मा खुसियाली छाएको छ । भक्तहरू हर्षविभोर छन् । तँछाड मछाड गरेर पर्भुलाई बधाई र शुभकामना दिने होडबाजी चलेको छ । रनिङसिल्ड पाउनलाई ज्यानको माया मारेर दोडेझैं गरेर यताका भक्तहर्ले बधाई तथा शुभकामना दिएर पूजा अर्चना गरिरहेका छन् । पर्भुलाई कृतकृत्य पारिरहेका छन् । उनीहर्लाई पर्भुको साक्षात् दर्शन गरेर उनलाई खुसी पार्ने दक्षिणा भेटी कतिखेर चढाम् भनेर हुटहुटी पैदा भएको छ ।

छटपटी पैदा भएको छ । बेचैन बनाएको छ । पर्भुको साक्षात् दर्शन गर्न पाए यो मर्त्यलोकमा त छँदैछ स्वर्गमा पनि सरखारी कुर्चीको सुरक्षा गर्न पाइन्यो कि भन्ने आशा छ । विगतमा जस्तै पर्भुलाई खुसी पारेर सरखारी कुर्चीलाई बेल्डिङ गरेर बलियो बनाउने सोचमा छन् । सरखारी कुर्ची बाहिर बसेकालाई कतिखेर कुर्चीमा पुगम् भन्ने छटपटी छ । सरखारी कुर्चीमा विराजमानलाई स्थायी रूपले बसिराख्ने व्यवस्था मिलाउने चिन्ता छ भने कुर्ची बाहिर बसेकालाई कुर्चीमा पुग्ने हतारो छ ।

पर्भुका मण्डलतिर चुनाउ थ्यो । दुई मैना लाएर पर्भुले चुनाउ गरा'थे । पर्भु आफैँले साक्षात् चुनाउ गराउने मौका पा'का थे । मौका फाइदा नउठाउने भनेको मुर्ख हुनु हो भन्ने कुरो पर्भुलाई था'थ्यो । त्यसैले आफ्नो हात जगन्नाथ गर्नु उनले पाएको अधिकारै भयो । आफ्नो अधिकार प्रयोग गरेर पर्भु पुनर्उदय भए । उनले पुनर्उदय हुने सबै उपाय विधि प्रकिया प्रयोग गर्न रत्तिभर पनि कन्जुस्याइँ गरेनन् । आफ्नो दुनो साझिने भए कोरी पाउ मल्नु भन्ने त नेपाली उखानै छ ।

हाम्रो मण्डलका पर्धानमन्तरीलाई यस्ता उखान टुक्काका खानी नै हुन् । उनले यताबाट केही उखान टुक्का उता पर्भुलाई केशेली दे'का पनि त हुन सक्चन् । त्यसैले होला पर्भुले चुनाउमा नेपाली उखान प्रयोग गर्दै भोट माग्दा गरिबगुरुवाहर्को पाउ ढोग्दै हिँडे । चौकीदार बनेर, चियापसले बनेर, हली गोठालो बनेर अनेक भेष धारण गरेर देशाटन गर्दै भोटको भिक्षाटन गरेर पर्भुले पुनर्उदय भएर नयाँ अवतार धारण गरे ।

पुनर्उदय भएपछि पर्भुले पनि नेपाल मण्डलका भक्तजनहर्लाई टुइटरे मार्फत् तथास्तु भनेर आशिर्वचन दिए । भक्तहर्को भक्तिभावबाट प्रफुल्लित भएको जनाउ दिएर सरखारी कुर्चीको सपथ खाएपछि साक्षात् दर्शन् दिने बाचा गरे । यसरी पर्भु र भक्तहर्को बार्तालाप भयो । सरखारी भक्तले त पर्भुलाई मोविलबाट फुन गरेर पनि उनीप्रतिको भक्तिभाव पर्कट गरे ।

पैला जनकपुरमा पर्भुको सेवामा हाजिर भएजस्तै पर्भुलाई आफ्ना सेनामेना सहित भएर नेपाल मण्डलको कुनाकाप्चासम्म देशाटन गर्ने निम्तो पनि दिए । आफ्नो सुरक्षा आफैँ गर्ने गरी आफ्नै मण्डलका सेनामेनाको ठूलै दलबल लिएर आउने चाँजोपाँजो मिलाउने बाचा बन्धन गरे ।

उता पर्भुले पनि यसपाला आफू झ्न शक्तिशाली भएर उदाएको बताए । पहिलाचोटी नेपाल मण्डलमा नाकाबन्दी गरेर घाँटी थिचे जस्तै अबका दिनमा आफ्ना भक्तहर्ले आफ्नो आदेश खुरुखुरु नमानेका खण्डमा नाकाबन्दी मात्रै नभएर नौनाडी गल्ने गरी चौतर्फी घेराबन्दी गरेर आन्द्रा सुकाइदिन सक्ने ताकत पैदा भएको जनाउ दिए । यी सबै कुरा नेपाल मण्डलका सरखारी भक्तसँगको फुनबार्तामा भए ।

आफ्नो आदेशको खुरुखुरु पालना गरेका खण्डमा यता नेपाल मण्डलको सरखारी भक्तलाई आर्को चुनाउमा पूर्ण सहयोग गरेर जिताइदिने कुरा पनि भयो । नत्र भने पञ्चप्रेत ब्युँताएर ठिक पार्न पनि सक्ने कुरा भयो । यसरी पर्भुसँगको प्ररम्भिक चरणका सम्बादहरू भए ।

# एकता फुट र फेरि एकता हुँदै क्रान्तिकारी पार्टी अघि बढ्छ



❑ श्रीनाथ अधिकारी 'क. श्याम'

***तपाईंको राजनीतिक जीवनका सुरुआत कसरी भयो ?***

म २०३२ सालतिर विद्यार्थीहुँदा राजनीतिक जीवन सुरु भयो । त्यतिबेला पुल्चोक ललितपुरमा पढ्थे । म निकै जोदाहा थिए । राजनीतिप्रति निकै आकर्षण पनि थियो । कांग्रेसका बारेमा उत्तिका जानकारी पनि थिएन । तर कांग्रेस भनेपछि वामपन्थी विचार राख्नेहरुलाई मन नै नपर्ने । पञ्चायतको त सर्वत्र विरोध जस्तै थियो । त्यसैबेला दिलबहादुर श्रेष्ठ, काइँला बा, नरबहादुर कर्माचार्य आदि नेताहरु पाटनमा काम गर्दथे । पाटनमा वामपन्थीहरुको चहलपहल थियो । त्यतिबेलाका डीआर पौडेल भन्ने साहित्यकार थिए । पौडेल मेरो एक वर्ष सिनियर ब्याच हो । उनले मलाई पार्टीको सदस्य हुनुपर्छ भनिरहेका थिए । विद्यार्थी अखिलमा त आबद्ध थिए नै ।

हामीहरु यहाँको पढाइ सकेर चितवन गयौं । चितवन गएपछि पार्टी सदस्यको फाराम भरियो । अनि म पार्टीमा आबद्ध भए । यो २०३४ सालतिरको कुरा हो । पार्टी सदस्य लिएपछि म चौथो महाधिवेशनमा आबद्ध भए । मेरो राजनीतिक जीवन चौथो महाधिवेशनबाटै सुरु भयो । त्यतिबेलाका निर्मल लामा, मोहनविक्रम सिंह, मोहन वैद्य हाम्रा शीर्ष नेताहरु हुन् । त्यतिबेला डीआर पौडेल र मलगायतका साथीहरु निकै खटनपटनमा लाग्यौं ।

***काम गर्न कत्तिको सजिलो थियो ?***

काम गर्न निकै गाह्रो । तर हामीमा उत्साह त असीम थियो । डीआर रमैले त्यतिबेला पाएसम्मका मार्क्सवादी-लेनिनवादी पुस्तकहरु निकै रट्ने गर्दथ्यौं । संगठनमा निकै खटेर काम पनि गर्दथ्यौं । त्यसपछि २०३५/०३६ सालको विद्यार्थी आन्दोलनले हाम्रो चेतना निकै बढाइदियो । हामीलाई केही नयाँ कुरा गर्नुपर्छ भन्ने लाग्यो । हामी दत्तचित्त भएर काम गर्नतिर लाग्यौं । चितवनमा जागीरे जीवनको कभर बनाउँदै कामका लाग्यौं ।

विद्यार्थी आन्दोला क्रमशः राजनीतिक रुप लिँदै गयो । २०३६ सालमा जनमत संग्रह भयो । हामीहरुलाई यसले नयाँ चेतना दियो । म पार्टी कामको सिलसिलामा गोर्खातिर लागे । मलाई लाग्यो पुराना स्थापित नेताहरु चितवनमा भएकाले नयाँ संगठन बिस्तारका लागि म गोर्खातिर लागेको थए । चितवनमा त अमिक शेरचन, काजी बाजस्ता वरिष्ठ नेताहरु छँदैछन्, गोर्खातिर जाउँ भन्ने मनले भनेको थियो । चितवन पहिलेदेखि टाठोबाठो ठाउँ पनि हो । अर्कोतिर चितवनमा कार्यकर्ता उत्पादन गरेपछि बाहिरका जिल्लाहरुमा पठाउन लोभ गर्दोरहेछ पार्टीले पनि । पार्टीले सहजै मलाई त्यहाँ पठायो ।

***गोर्खामा कस्तो रह्यो राजनीतिक जीवन ?***

म गोर्खा गएको लगत्तै पार्टीले चुनाव बहिस्कार गरेको थियो । हामी कार्यकर्ता सबैलाई तात्कालीन पञ्चायतले निकै लखेट्यो । वारेन्ट जारी गरिएको थियो । अर्को वर्षको स्थानीय निर्वाचनमा गिरफ्तार गर्‍यो । परिवार त्यही बेला छुट्टभिन्द भएको थियो । परिवार सुत्केरी थिइन् । म उनको हेरचाह गर्न र सुत्केरी खुवाउन बसेको थिए । त्यही पनि गिरफ्तार गरेर लग्यो ।

तयति बेलाका त्यहाँका जोडीहरु वाचस्पति देवकोटाजस्ता नेताहरु थिए । जाँगर र उत्साह पनि निकै थियो । काम पनि अफूले गरेको जस्तो नै भयो । सबैमा उत्साह र केही गरौं भन्ने आँट र साहस पनि थियो । जेलभित्र भए पनि र बाहिर भएर पनि क्रियाशीलता उत्तिकै । वाचस्पति त पटकपटक जेल गइरहने । हिरासत पनि उत्तिकै ।

***नेताहरुसँगको संगत र प्रभाव कत्तिको थियो ?***

तात्कालीन नेताहरुमा मोहन विक्रम सबैका नेता । उनले बारम्बार भेटघाट र प्रशिक्षण चलाइरहन्थे । उनले लेखेको उग्रवामपन्थी विचारधाराको खण्डन भन्ने पुस्तकले निकै प्रभाव पारेको थियो, युवाहरुमा । जानीनजानी त्यसको प्रभाव जब्बर भएर आयो । झापालीहरु ठीक होइनन्, यिनीहरु उग्रवामपन्थी हुन् भन्ने प्रभाव पर्‍यो ।

पछि पो थाह पाइयो । यस्तो विश्लेषणले त हाम्रो विचार विकासमा बाधा पुर्‍याएको रहेछ । त्यतिबेला त पढियो, त्यसैमा कन्भिन्स पनि भइयो । पछि देशभक्त जनगणतान्त्रि शक्तिको सरकार भन्ने नारा अघि सारियो । यसका बारेमा तत्काल बुझियो कति, तर ज्यानफालेर मरेर लागिपरियो । त्यसरी लाग्नेहरुमा प्रचण्ड र बादलहरु पनि त हो । उनीहरु पनि लागे । गोर्खामा दण्डपाणी न्यौपाने, वाचस्पतिहरु पनि निकै लागे ।

यसरी मेरो राजनीत ३० को दशकबाट सुरुभयो र यहाँसम्म आइपुगियो । २०४० सालतिर गएर पार्टी फुट्यो । लामाहरुसित नजिक थिएन म । म बरु भक्त बहादुर, मोहन विक्रम र किरणदाइहरुसँग नजिक थिए । किरण दाइसँग नजिक हुनुको कारण गण्डकी अञ्चलमा तीन दिन दर्शनसम्बन्धी प्रशिक्षणले हो । उहाँको मार्क्सवादी दर्शनको सैद्धान्तिक कक्षाले गर्दा हो । गोर्खाबाट म पनि छनौट भएर प्रशिक्षण कार्यक्रममा गएको थिए । दर्शनको कक्षा, त्यसमा पनि वरिष्ठ दार्शनिकबाट लिन पाउने भनेर मैले पीएन् कलेजको तर्फबाट व्यवस्थापनको जिम्मा नै लिए ।

***पार्टी फुटले तपाईंमा कस्तो प्रभाव पार्‍यो ?***

पार्टी त फुट्यो, तर दुई लाइन संघर्षले हामीहरुलाई तर्क गर्नसक्ने एउटा अवस्थामा पुर्‍याइदियो । हामी यस्तै तर्कवितर्क र छलफल बहस गर्दै अघि बढिरह्यौं । तर फेरि पार्टीमा मोहन विक्रमका समस्याहरु आए । २०४१ सालमा पार्टीभित्र निकै छलफल र घम्साघम्सी चल्यो । विवाद चलिरहेको थियो । हामीलाई फेरि पनि पार्टी फुट्ला भन्ने डर लाग्न थाल्यो । यो विाद त नआइदिए हुने थियो भन्ने लाग्ने आफूलाई । लामाहरु फुटे, त्यति त केही पनि भएन, पचाइयो । तर अब नफुटे हुने थियो भन्ने भयो ।

मोहन विक्रम मुख्य नेता नै हुन्, यिनलाई त छोड्न हुँदैन भन्ने थियो, मलाई । मलाई लागेको थियो, मोहनविक्रमको कमी कमजोरी आचरणगत हो, वैचारिक राजनीतिक होइन भन्ने थियो । ०४१ सालको महाधिवेशनमा मैले गोर्खाबाट प्रतिनिधिको हैसियतले भाग लिएको थिए । ०३८ सालमा चीनमा प्रतिक्रान्ति भन्ने दस्तावेज पारित गर्ने प्लेनममा म गोरखाबाट प्रतिनिधिका रुपमा सहभागी भएको थिए । म २०३८ सालदेखि निरन्तर कन्द्रीय कार्यक्रमहरुमा प्रतिनिधिका रुपमा सहभागी हुँदै आए ।

त्यसपछिका २०४४/०४५ सालका पार्टीका कार्यक्रमहरुले हामीलाई निरन्तर अघि बढाइरहे । बहिस्कारका कार्यक्रमहरु अघि बढिरहे । हामीहरु सबै वारेन्टेड थियौं । पछि क.किरण, क.सीपीहरुले कार्यकर्ता र जनताका बीचमा उत्साहको नयाँ सञ्चार गराउन प्रयास गार्नु भयो पनि । तर जत्तिको क्लियर बनाएर अघि लैजानु पर्दथ्यो त्यसमा कमी कमजोरीहरु त्यति बेलामा रहेको महशुष हामीहरुलाई हुने गर्दथ्यो ।

***त्यसपछिको सांगठनिक राजनीतिक स्थिति कस्तो रह्यो ?***

त्यसपछिको स्थितिमा गति ल्याउन संगठनमा केही हेराफेरी गरियो । यो हेराफेरीका लागि ससानो बहस पनि चलेको थियो । त्यो थियो केही कमजोरी गरेका साथीहरु एक तह तल बसिदिने र नयाँले नेतृत्व लिएर अघि बढ्ने । नयाँ नेतृत्व भनेको प्रचण्डलाई ल्याउने भनिएको थियो । त्यसका बारेमा किरण दाइ पनि सहमत हुनुहुन्छ र अरुको पनि सहमत छ भनिएको थियो । हामी केही साथीहरु यो त हुँदैन भन्नेमा थियौं । कन्भिन्स पनि भएका थिएनौ । हामीलाई बुझाइएको पनि थिएन ।

यी कारणले यज्ञ घिमिरेहरु जस्ता साथीहरु निस्क्रिय भएर पछि हटे । उनी प्रतिभाशाली नै थिए । युवक संगठनको केन्द्रीय अध्यक्ष बनाइँदै थिए । उनी जस्ता व्यक्तिहरु पछि हटे । हेर्दा प्राविधिक जस्तो लाग्ने तर गहिरो गरी असर पार्ने यी र यस्ता टेक्निकल कुरा र कमी कमजोरीहरु रहे । यी घटनाहरु २०४४/०४५ सालमा घटे । अर्को सकारात्मक कुरा भनेको पार्टीले अलि केही गति लियो । गोर्खाको सिह्रान चोकमा प्रारम्भिक सैन्य तालीम पनि भयो । यसले थप उत्साह ल्यायो ।

हेडक्वाटरले यसको पहल लियो । कुशल प्रधान, सन्तु चौधरी लगायतका त्यतिबेलका युवाहरु सो कार्यक्रममा भाग लिएका थिए । कार्यक्रम निकै गोप्य र भूमिगत रुपमा सम्पन्न भएको थियो । जलजला जस्तै फाकिलो जंगल, हिंउदमा हिउँ पर्ने र हिउँ पग्लने ठाउँ हो यो । त्यहाँ गोठहरु राख्ने र हिउँदे बसाइ गर्ने चलन यद्यपि कायम नै छ ।

***तालीममा आधुनिक वा स्थानीय हतियारहरु के के थिए ?***

हतियार स्थानीय नै हुन् । तर त्यसमा पनि दुई थान भने थ्रि-नट-थ्री राइफलहरु थिए । मैले त्यो तालीभन्दा पहिले ती हतियारहरु देखेको थिएन । ती गोरखामा राखिएका रहेछन् । हेडक्वाटर त्यही बस्ने गर्दथ्यो । धुवाँकोटमा त स्थायी बसाइजस्तो नै थियो । बस्तीसँगै जंगल जोडिएको थियो । बस्ती हाम्रै एकलौटी थियो । एक खालको आधारइलाका । त्यहाँ साथीहरुले खेल्न र बन्द गर्न सिक्दा रहेछन् । दुई आधुनिक हतियारमध्ये एउटा चाही बिग्रिएछ । राम्रो चाहीं हतियारलाई 'होलटाइमर' बनाएर पूर्वपश्चिम हिंडाइयो ।

# जीवन साथीको सम्झना

● कालीमाया वि.क. ●

नेपालमा सदिऔंदेखि चल्दै आएका वर्गीय, जातीय, क्षेत्रीय लगायतका सामाजिक असमानताबाट देश र दुनियाँलाई मुक्त गराउने अभियानमा नेपालमा थुप्रै प्रकारका राजनीतिक सङ्घर्ष हुदै आएका छन् । राणा शासन तथा पञ्चायतविरोधी आन्दोलन सँगसँगै माओवादी जनयुद्धमा सामाजिक असमानताविरुद्ध थुप्रै नेपाली आमाका छोराछोरीले जीवन उत्सर्ग गरे । नेपालमा सामाजिक विभेदविरूद्ध चलेका सङ्घर्षमा तत्कालीन ने.क.पा.( माओवादी)ले सञ्चालन गरेको महान् जनयुद्धको सबैभन्दा ठूलो र प्रखर भूमिकामा रह्यो । यही सङ्घर्षको कारण जनताले २४० वर्ष पुरानो सामन्ती राजतन्त्रको अन्त्य गरी राज्यको सबै निकायमा समानुपातिक र समावेशी प्रतिनिधित्वको कुरालाई अगाडि बढायो । धर्मनिरपेक्षता र सङ्घीयता लगायतका सीमित अधिकार भए पनि जनताले हात पार्न जनयुद्धको महत्वपूर्ण भूमिका रह्यो ।

सीमित रूपमा भए पनि आज देशमा जे जति राजनीतिक अधिकारहरू प्राप्त भएका छन्, ती सबै १० बर्षे जनयुद्धका उपज हुन् । जनयुद्ध नभएको भए नेपाली जनता आज पनि एकात्मक केन्द्रीकृत सामन्ती र ब्राह्मणवादी राज्य सत्ताको जुवामुनि जोतिन बाध्य हुने थिए । तसर्थ, आजको समाज विकासमा महान् जनयुद्धको ऐतिहासिक भूमिका रहेको छ ।२०५२ सालमा सुरु भएको जनयुद्ध नेपाली जनताको आमूल परिवर्तनको इच्छा, चाहना र आकाङ्क्षाको केन्द्र बन्दै जाने क्रममा सदियौंदेखि अन्याय, अत्याचार र असमानतामा बाँच्न बाध्य नेपाली जनता भित्रैबाट सङ्घर्ष गर्न इच्छुक बने । यस क्रममा लाखौं लाख जनताका छोराछोरी जीवनको प्रवाह नगरी जनयुद्धको प्रक्रियामा सामेल भए र १३ हजार भन्दा बढीले जनयुद्धको क्रममा सहादत प्राप्त गरे । यसरी शहादत प्राप्त गर्ने महान् योद्धाहरूमध्ये मेरा जीवनसाथी कमरेड ओम बहादुर सुनारसँग जोडिएका पारिवारिक सामाजिक र राजनीतिक अनुभूतिहरू प्रस्तुत गर्ने जमर्को गरेकी छु ।

बुवा सुकबहादुर सुनार र आमा सुनमाया सुनारको छोरा क. ओमबहादुर वि.क. २०२५ साल भाद्र महिनाको ९ गते जन्मनु भएको थियो । उहाँका परिवारमा पाँच दाजुभाइ र एक बहिनी हुनुहुन्थ्यो । गाउँमा सामान्य पठन पाठन भए पनि सानैदेखि उहाँ समाजमा हुनेगरेका असमान्ता र थिचोमिचो सहनु हुँदैनथ्यो । बुवा सुकबहादुर सुनार गाउँमा काँग्रेसहरुबाट दलित र गरिबहरूमाथि भएको अत्याचारको बिरोध गर्दै न्याय र समानताका लागि कम्युनिष्ट बन्नु भएको थियो । यसको प्रत्यक्ष छाप छोरा ओमबहादुरमा पनि परेको पाइन्छ । बुवा समानता र न्यायको लागि सबै दलित र गरिबहरूलाई कम्युनिष्ट बन्न सल्लाह दिने गर्नुहुन्थ्यो । यसबाट त्रसित भएका गाउँका सामन्त र काँग्रेसीहरूको उहाँ आँखाको तारो हुनुभयो । २०४६ सालमा काँग्रेसी गुण्डाहरूले घरमा ब्यापक तोडफोड गरी घरमा रहेको किराना पसल समेतमा आगजनी गरेपछि उहाँमा झन धेरै विद्रोही भावनाको विकास भयो ।

गोरखा जिल्ला साविक बारपाक गा.वि.स. वडा नं. ५ (हाल सुलिकोट गाउँपालिकामा पर्दछ) स्थित हाम्रो घर कम्युनिष्ट पार्टीका नेताहरू आउजाउ गर्ने सेल्टरका रूपमा रहँदै आएको थियो । यसै सन्दर्भमा स्थानीय काँग्रेसहरूको आँखाको तारो बनेको हाम्रो परिवार र बुवा सुकबहादुर परिवारको सुरक्षाको लागि गोरखा जिल्लाबाट बसाइँ सरेर चितवन आउनुभएको थियो र चितवन झरेपछि हाम्रो परिवार पनि ने.क.पा.( माओवादी)ले सुरू गरेको जनयुद्धमा सहभागी हुन पुग्यो ।

क. ओमबहादुर वि.क.सँग मेरो विवाह २०४२ सालमा भएको हो । विवाह हुँदा म १५ वर्षकी मात्र थिएँ । मेरा बुवा गजबहादुर वि.क. र आमा जगमती वि.क.ले परम्परागत रूपले मेरो विवाह उहाँसँग गराइदिएका हुन् । हाम्रो एक छोरा विनोद २०५० सालमा र छोरी बिनिता २०५३ सालमा जन्मिए । उहाँ पारिवारिक रूपमा एकदमै असल हुनुहुन्थ्यो । १६ वर्षसम्मको जीवनको सहकार्यमा उहाँले मलाई नराम्रो ब्यवहार र गाली गरेको सम्झनै छैन । बुवा आमा, दाजुभाइ, बहिनी र छोराछोरी सबैलाई उहाँ उत्तिकै आदर सम्मान र माया गर्नुहुन्थ्यो । गाउँ घरका साथीभाइसँग पनि अत्यन्तै मिलनसार ब्यवहार थियो उहाँको ।

उहाँ आफ्नो बुवा सुकबहादुर वि.क.कै प्रेरणाको कारण माओवादी पार्टीमा लाग्नु भएको हो । माओवादी पार्टीमा लाग्न प्रेरणा दिनेहरूचाहीँ उहाँको मिल्ने साथी तारा वि.क. र काफलडाँडाका साथीहरू पनि थिए । जनयुद्ध सुरु भएपछि भित्रभित्रै माओवादीको दस्ताबेज, पत्रपत्रिका पढ्ने गर्नुहुन्थ्यो र बेलाबेला साथीहरूसँग भेटघाट, छलफल गर्ने गर्नुहुन्थ्यो । हामीसँग कुराकानीमा चाहीँ उहाँ वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक असमानताको अन्त्य गर्न हामीजस्ता गरिब र दलित समुदायका सबै मान्छे लाग्नुपर्ने बताउनुहुन्थ्यो ।

उहाँ सुरुदेखि नै माओवादी पार्टीका गतिविधिमा लगातार सहभागी हुँदै आउनुभएको थियो । गोरखाको बारपाक गाउँमा काँग्रेसी र राज्यका सिआइडीले ओमबहादुर माओवादी भएको प्रशासनसमक्ष खबर पुर्‍याएको कारण उहाँ लुकीछिपी हिँड्नुहुन्थ्यो । पछिल्लो समय भूमिगत रूपमा काम गर्दै आउनु भएको थियो । मैले पनि सकिनसकी उहाँको काममा सहयोग नै पुयाएँ । छोराछोरी हुर्काउने जिम्मा लिएर उहाँलाई राजनीतिक फिल्डको काममा लाग्ने वातावरण मिलाइदिएँ ।

पछिल्लो समय २०५४ सालमा उहाँले भ्यासेक्टोमीको अप्रेशन गर्नुभएको थियो । चितवन गर्मी ठाउँ भएको हुँदा घाउ चाँडै निको हुने आशामा उहाँ गोरखा जाने निर्णयमा पुग्नुभयो । गोरखा गाउँमा गएर बस्दा आराम पनि हुने र सुरक्षित पनि हुने भएको कारण उहाँले गोरखा बार्पाक जाने धारणा बनाउनुभएको थियो । सोही योजनाअनुसार उहाँ पुरानो गाउँ गोरखा जानु भयो ।

गाउँ पुगेपछि पराना दुश्मनहरूले उहाँलाई मार्ने योजना बनाउन थालेछन् । प्रत्यक्ष रूपमा आफैं आएर आक्रमण गर्न उनीहरू सक्दैनथे । गाउँमा माओवादी जनयुद्धको प्रभाव धेरै नै बढेको थियो । तसर्थ उनीहरूले ओमबहादुर सुनार गाउँमा आएर माओवादीको गतिविधि बढाएको हल्ला प्रहरीसम्म पुर्याएछन् । सोही सूचनाका आधारमा स्थानीय दुश्मन र प्रहरी प्रशासनको मिलेमतोमा उहाँलाई मार्ने योजना बनाएका रहेछन् ।

गाँउमा रहेका दुश्मनहरूको सुराकीका आधारमा उहाँलाई २०५४ चैत चार गते गोरखाको सिरानचौर स्थित स्वारा गाउँमा ...बाँकी ७ पेजमा

# ओली सरकारको विचलनकारी सोचले देशको सुरक्षा व्यवस्था संकटतर्फ



काठमाडौं । तीन तहका सरकारका बीचमा प्रहरी जिम्मेवारी बाँडफाँडका लागि ओली सरकारले गृहकार्य सुरु गरेको छ । स्थानीय तथा प्रदेश सरकारले केन्द्रीय सरकारमार्फत् संघीय प्रहरी ऐन आएपछि तीनै तहका सरकारहरुका बीचमा प्रहरीको जिम्मेवारी बाँडफाँडमा सहज हुने भनिरहेका बेला उक्त ऐनविना नै यसो गर्न थालिएको हो ।

यसलाई प्रदेश तथा स्थानीय सरकारले केन्द्र सरकारको संघीयता विरोधी कदमका रुपमा लिएका छन् । गणतन्त्र स्थापनाको आन्दोलनमा बयल गाडा चढेर अमेरिका पुग्न नसकिने भनाइ राख्ने ओलीको उक्त भनाइलाई अहिले उनका संघीयताविरोधी हर्कतहरुसँग जोडेर हेर्न थालिएको छ । तर प्रम ओली भने जस्तासुकै माग र दबाब आए पनि आफूले चाहेको बाटोमा प्रशासन हिंडाउन आँखा चिम्लिएर लागि परेका छन् ।

तर प्रम ओलीले चालेका हरेक कदमहरु एक त संघीयताविरोधी रहेका छन्, दोस्रो कुरा, उनी क्रमशः फासीवादका अभ्यासमा लागि परिरहेका छन् । यो कम्तिमा पनि प्रजातान्त्रिक सोच राख्नेहरुका लागि सुपाच्य छैन । संघीय संविधानको मर्मअनुसार केन्द्र सरकारले संघीय प्रहरी ऐन ल्याएपछि मात्र प्रदेश र स्थानीय तहको प्रहरी सेवाका लागि ढोका खुला हुन्छ । तर ओली सरकार संविधानको यो भावना, मर्म र प्रावधानविपरीत एकात्मक शासन लाद्न उद्दत रहेको छ । जनताका माझमा रहेको संघीयताको मनोविज्ञान, संवैधानिक प्रावधान र संघीय संरचनाका विरुद्ध ओली सरकारको हर प्रयास जारी रहेको छ । त्यसमा पनि देशको सुरक्षा संवेदनशीलतामाथि ओलीको यस्तो कदमलाई कसैले पनि सकारात्मक रुपमा लिएको छैन ।

प्रतिपक्षी नेपाली कांग्रेस पनि यसमा मौन रहेको देखिन्छ । संघीयता विरोधी रहेको नेपाली कांग्रेस र उसको संघीयताविरोधी सोच र चरित्रले ओली सरकारको संघीयताविरोधी कदमहरुलाई बल पुऱ्याइरहेको छ ।

## थोपरिएका चुनौती सामना गर्न अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको अपिल

*आदरणीय श्रमिक साथीहरु !*

नेपालको जनसंख्याको ३० प्रतिशत श्रम शक्ति स्वदेश र विदेशका श्रम बजारमा क्रियाशील छन् । निर्वाहमुखी खेतीपाती प्रणालीबाट जीविकोपार्जन र न्यूनतम मानवीय आवश्यकतासमेत पूरा हुन नसक्ने स्थिति पैदा हुँदै गएपछि श्रम बजारमा रोजगारीका लागि उद्योग व्यापार, निर्माण, सेवा आदिका श्रमबजारमा रोजगारीका लागि केन्द्रित हुँदै गरेको विसाल श्रमिकहरुको फौजको संख्या १ करोड वरिपरि देखिदैछ । स्वदेशको श्रम क्षेत्रले श्रमिकहरुको चापलाई धान्न नसक्दा वैदेशिक रोजगारीको कमारोतुल्य जीवन बाँच्न विवश लाखौंलाख श्रमिकहरुको संख्या पनि तिब्र गतिमा विस्तारित भइरहेको छ ।

श्रमका क्षेत्रहरु अर्थात् श्रमबजारमा श्रमिकवर्ग र पुँजीपतिवर्गको वर्गीय स्वार्थहरुको बीचमा बहस, विवाद र संघर्षहरु समेत अब नयाँ उचाइमा विकसित हुँदैछन् । पुँजीपति वर्गले लगानीमैत्री राज्य प्रशासन, लगानीमैत्री श्रम नीति, लगानीमैत्री श्रम कानून, लगानीमैत्री ट्रेडयूनियन आदि नारा उठाएर श्रमिकवर्गको श्रमशक्तिको लुट मच्चाएर धनको राश थुपारिरहेका छन् भने अर्को तर्फ श्रमिकहरुको दैनिक गुजाराको आवश्यकता पूरा हुने स्थिति छैन ।

'सुखी नेपाली, समृद्ध नेपालको' नारा दिएर बनेको आफूलाई समाजवादी भन्ने सत्ताधारीहरु श्रमिक विरोधी ऐन, नियम र कानून निर्माण गरिरहेका छन् । कथित समृद्धिको नाममा वैदेशिक पुँजीपति वर्गलाई विशेष सहुलियत दिएर नेपालको प्राकृतिक साधन श्रोतमाथि बेलगाम लुटका लागि ढोका खोलेर स्वागत गरिरहेका छन् र वैदेशिक रोजगारीका नाममा नेपाली श्रम शक्तिलाई अरब, कतार, मलेसिया, जापानजस्ता देशहरुमा निर्यात गरेर 'रेमिट्यान्स' भित्र्याउने परिचर्चामा व्यस्त छन्, मानौ वैदेशिक रोजगारीको कमारोतुल्य श्रमबजार उनीहरुको गर्वको विषय हो ।

नेपाली श्रमिकहरुको स्वदेशमा रोजगारीको सुनिश्चितता न्यायोचित पारिश्रमिक, संगठित हुने तथा मागहरु राख्ने हक, आदि आधारभूत मागहरुलाई संबोधन गरिएको छैन, बरु कानुनी र व्यवहारिक दुवै हिसाबले ती अधिकारहरु खोस्ने कार्यलाई अगाडि बढाइएको छ । हायर एण्ड फायरका नाममा अस्थायी, करार र ज्यालादारी प्रथाको आधारमा विगतको श्रम ऐनमा उल्लेखित हक खोसिएको छ भने 'नो वर्क नो पे' का नाममा श्रमिकहरुका जायज मागहरु उठाउँदा पारिश्रमिक गुमाउनु पर्ने र रोजगारी गुमाउन पर्ने स्थिति बनाइएको छ फलतः व्यवसायिक प्रतिष्ठानहरुमा श्रमिक संघहरु यात निरीह भइरहेका छन् यात व्यवसायिक घरानाहरुका रुचिअनुरुप चल्न बाध्य बनाइएका छन् । बैंक तथा वित्तिय शोषणका जाँतोमा पिल्सिएका र प्रशासनिक दमनको नियमित सिकार भइरहने स्वरोजगार यातायात श्रमिकहरु हुन् । चाहे माग राख्ने अधिकार समेत खोसिएका होटल क्षेत्रका श्रमिकहरु हुन् त्यस्तै लाखौंलाख निर्माण क्षेत्रका श्रमिकहरुले हप्ता बिदा ८ घण्टा कार्य दिनको विश्वव्यापी स्वीकृत नियमको उपभोग गर्ने स्थितिबाट बन्चित भइरहनु पर्ने बाध्यता छ । यो स्थिति पर्यटन, उद्योग, गलैंचा, सेक्युरीटी, अटो लगायत सबै क्षेत्रमा विद्यमान छ । श्रमिकहरुका अध्यारो युग समाप्त पारेर उज्यालो युग सूत्रपात गरेको गफ गर्ने सरकारले न्यूनतम तलव र सामाजिक सुरक्षा कोष, योजना कार्यान्वयन गर्न समेत प्रयत्न गरिरहेको छैन ।

एकातिर पुँजीपतिवर्गले राज्यबाट विशेष सहुलियत, सेवा सुविधा प्राप्त गरिरहेको छ भने श्रमको दोहन गरेर ट्रेड युनियनहरुमा समेत आफ्नो प्रभावलाई बिस्तार गरिरहेको छ । पुराना, स्थापित र मूल प्रवाह सम्झने ठूला भनिएका यथास्थितिवादी ट्रेड यूनियनहरु बहुराष्ट्रिय कम्पनीहरुका स्वार्थमा काम गर्ने कारिन्दा झैं आईएलओ लगायतका संस्थाहरुले तयार पारी दिएका परियोजना कार्यान्वयन गर्ने । निकायमा बदलिइसकेका छन् । पुँजीपतिवर्गले जुटाइ दिएको आर्थिक श्रोत प्रयोग गरेर श्रमिकवर्गको क्रान्तिकारी चरित्रलाई समाप्त पार्नु तिनीहरुको धन्दा बन्न पुगेको छ । स्थिति कस्तो छ भने श्रमिक र व्यवसायी बीचमा विवाद हुँदा तिनीहरु मध्यस्तकर्ता भैं बीचमा बसेर दलालको भूमिका निर्वाह गर्ने प्रतिवद्धता गरिरहेका छन् ।

यस्तो स्थितिमा हामीले श्रमिकवर्ग माथि पुँजीपति वर्ग र राज्यले गरिरहेको सबैखाले शोषण दमनविरुद्ध संघर्ष गर्दै अगाडि बढ्नु पर्दछ भन्ने मान्यता राख्दछौं । श्रमिकहरुको सचेत संगठन निर्माण गर्दै क्रान्तिकारी श्रमिक आन्दोलनको विकास गर्नु नै वर्तमान चुनौतीहरुको सामना गर्ने ठीक उपाय हो । यस कारण हामीले श्रमका विभिन्न क्षेत्रमा कृयाशील श्रमिकहरुसँग बहस, छलफलहरुलाई अगाडि बढाउँदै राष्ट्रिय भेला यहि २०७६ साल जेष्ठ ३१ र ३२ गते काठमाण्डौमा सम्पन्न गर्ने योजन बनाएका छौं र श्रमिकवर्ग माथि थोपरिएका चुनौतीहरुको सामना गर्ने तागत पैदा गर्न श्रम क्षेत्रमा क्रियाशील रहेका सबैले यस दिशामा सकारात्मक भूमिका निर्वाह गर्न हामी हार्दिक अनुरोध गर्दछौं ।

क्रान्तिकारी अभिवादन सहित !

अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ

## उत्पीडित...

भयो र घुमिफिरी संसदीय व्यवस्थालाई नै पुनःस्थापित गरियो ।" महासचिवले अगाडि भन्नुभयो, "हिजो हामीले जसका विरुद्ध लड्यौं आज उनीहरुसँगै मिलेर पुरानै संसदीय व्यवस्था सुदृढ गरिरहेका छन् । क्रान्ति बेलाको नायक अर्को कालखण्डमा खलनायक हुँदो रहेछ । कम्युनिस्टको नाम बदनाम गर्दै उनीहरुले अहिले दलाल पुँजीवादी संसदीय व्यवस्था चलाइरहेका छन् ।"

भेलालाई सम्बोधन गर्दै फरक प्रसङ्गमा महासचिव किरणले भन्नुभयो, "काठमाडौं नेवाः समुदायको आदि भूमि हो । तर अहिले यति धेरै अतिक्रमण भइरहेको छ कि नेवाः समुदायलाई आफ्नै थातथलोबाट विस्थापित गराउने षड्यन्त्र भइरहेको छ । आफ्नो पहिचानसहितको अस्तित्वको लागि संघर्षको उठान गर्न जरुरी छ ।" उहाँले भन्नुभयो, "फेरि पनि सर्वहारा, किसान, महिला, दलित, जनजाति, मधेसी, मुस्लीम लगायतका उत्पीडितहरुको राज्य व्यवस्था स्थापित गर्न अब नेवाः समुदाय संगठित रुपमा आन्दोलित हुनु पर्दछ ।"

बसन्तपुरमा गरिएको उद्घाटन सत्रको प्रमुख आतिथ्यता नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले गर्नुभएको थियो भने कार्यक्रममा फुर्नाम्गेल मोक्तान, अमीर महर्जन, शारदा महत, अब्दुल सलाम, रविन्द्र मिश्र लगायतले शुभकामना मन्तव्य दिनुभएको थियो । पवनमान श्रेष्ठको अध्यक्षता र शिव श्रेष्ठको सञ्चालनमा रहेको कार्यक्रममा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीस, पीवीएम तथा ३ नं. प्रदेशका पार्टी सचिव दिनेश शर्मा र मोर्चाका सल्लाहकार अध्यक्ष सूर्यबहादुर नकर्मी लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

नेवाः मोर्चाको चौथो राष्ट्रिय भेला सम्पन्न, अध्यक्षमा नेता पवनमान श्रेष्ठ

२१ औं स्थापना दिवसको अवसर पारेर संगठनको चौथो राष्ट्रिय भेला आयोजना गरेको नेवाः राष्ट्र मुक्ति मोर्चाले नेता पवनमान श्रेष्ठको नेतृत्वमा ५१ सदस्यीय केन्द्रीय कमिटि निर्वाचित गर्दै राष्ट्रिय भेला सम्पन्न गरेको छ ।

काठमाडौंको बसन्तपुर महादेव पार्वती डबलीमा शुक्रबार एक भव्य समारोहबीच उद्घाटन कार्यक्रम सम्पन्न गरी शनिबार बन्द सत्र सम्पन्न गरेको मोर्चाले केन्द्रीय कमिटिको अध्यक्षमा पवनमान श्रेष्ठ, उपाध्यक्षहरुमा सुरेश श्रेष्ठ, मानध्वज श्रेष्ठ, गणेश खड्गी, गोर्की श्रेष्ठ, महासचिवमा शिव श्रेष्ठ, सचिवमा श्रीकृष्ण सुलु, कोषाध्यक्षमा सपना राजथलालाई निर्वाचित गरेको छ ।

भेलाले सदस्यहरुमा अमीर ताम्राकार, सचिर महर्जन, शुशिला महर्जन, अमीरमैया रञ्जित, बोधराज श्रेष्ठ, तिलक श्रेष्ठ, रत्न महर्जन, गोपालदास श्रेष्ठ, नमस्ते सायमी, भागवत प्रधान, जगदिश्वर महर्जन, कृष्णप्रसाद घेमसु, राजु लोहला, सुदिप श्रेष्ठ, सौरभ कायस्थ, सुन्दरलाल श्रेष्ठ, किरण नगरकोटी, नरेन्द्रमान श्रेष्ठ, दशराज शाक्य, ज्ञानेन्द्र प्रजापति, चुडामणी श्रेष्ठ, लीलबहादुर श्रेष्ठ, नगेन्द्र महर्जन, प्रवीण त्वान्जु, गोकुलकृष्ण श्रेष्ठ, भूमिनारायण मल्ल, दानबहादुर श्रेष्ठ, उपेश श्रेष्ठ, राजकुमार देउला, गंगा मानन्धर, अर्पणा श्रेष्ठ, अजय बज्राचार्यलगायत रहेका छन् ।

बन्दसत्रमा संगठनको सबभन्दा जुनियर सदस्य गंगा मानन्धरलाई अध्यक्ष मण्डलको अध्यक्ष बनाइएको थियो भने सञ्चालन अध्यक्ष मण्डलका सदस्य गणेश खड्गीले गरेका थिए । अध्यक्ष मण्डलका अर्का सदस्य सुन्दरलाल श्रेष्ठ थिए । बन्दसत्रमा नेता पवनमान श्रेष्ठले प्रस्तुत गरेको प्रतिवेदन र शिव श्रेष्ठले प्रस्तुत गरेको विधान हलबाट प्राप्त सुझावका आधारमा थपघटसहित एकमतले पारित गरिएको थियो ।

## डबल...

आशीराम महोतो उक्त पार्टी परित्याग गरी नेकपा क्रान्तिकारी माओवादीमा प्रवेस गरेका छन् । उनीहरुलाई क्रान्तिकारी माओवादी जिल्ला पार्टी सेक्रेटरी हेमन्तले अविर लगाएर पार्टी प्रवेश गराउदै पार्टीका घोषित उद्देश्य पुरा गर्ने प्रक्रियामा उहाँहरुको भूमिका महत्वपूर्ण हुने बताए ।

पार्टी प्रवेशको क्रममा देवीलाल विश्वकर्मा र आशिराम महतोले केपी-प्रचण्ड नेतृत्वको सरकारी नेकपा कम्युनिष्ट पार्टी नभएर दलाल, राष्ट्रघाती र तस्करहरुले चलाएको हुनाले सो पार्टी परित्याग गरेको बताए । उनीहरुले आगामी दिनमा नेकपा क्रान्तिकारी माओवादीमा आवद्ध भएर राष्ट्र जनता र क्रान्तिको प्रक्रियामा निरन्तर लागिरहने प्रतिबद्धता जनाए । नेता देवीलाल विश्वकर्मा चितवन जिल्लाको दलित आन्दोलनका संस्थापक नेता रुपलाल विश्वकर्माका भाइ समेत हुन् । सो अवसरमा क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरुको समेत बाक्लो उपस्थिति रहेको थियो ।

## कैलाली...

(क्रान्तिकारी)ले सोमबारदेखि भ्रष्ट त्रिवि सेवा आयोगको खारेजीको माग राख्दै अनिश्चितकालीन रिलेअनसन जारी राखेको छ । यो रिले अनसनलाई क्रान्तिकारी माओवादी सम्बद्ध देजमो, नेपाल लगायत सबै जसब मोर्चाले ऐक्यबद्धता जाहेर गरिसकेको छ भने अन्य सत्ताबाहिरका विद्यार्थी संगठनहरुले पनि ऐक्यबद्धता जाहेर गरेका छन् । माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने विद्यार्थी नेताहरुले बताएका छन् ।

**विद्यार्थीहरुलाई हौसला दिन अनसन स्थलमा शीर्ष नेतृत्वहरु**

विद्यार्थीहरुको जारी अनसनलाई हौसला प्रदान गर्न क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण' आइतबार त्रिवि शिक्षा आयोगको गेटमा पुगे । रिले अनसनरत विध्यार्थीहरुलाई हार्दिक धन्यवाद दिंदै त्रिवि तथा सरकारले विद्यार्थीहरुका जायज माग पूरा गर्नुपर्ने विचार व्यक्त गरे ।

शनिबार पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत तथा महासंघका नेताहरुले अनसनप्रति ऐक्यबद्धा जाहेर गर्दै माग पुरा नहुँदासम्म रिले अनसन जारी राख्न सुझाव दिए ।

त्यसैगरी अखिल (क्रान्तिकार ी)ले आयोजना गरेको ऐक्यबद्धता कार्यक्रमलाई सम्बोधन गर्दै देजमो, नेपालका अध्यक्ष, राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका संयोजक इश्वर तिमिल्सिनालगायतका नेताहरुले ऐक्यबद्धता जाहेर गरेका थिए । र, माग पूरा नहुँदासम्म रिलेअनसनलाई जारी राख्न सुझाव दिएका थिए ।

कैलालीमा गरियो विरोध प्रदर्शन

कैलालीको अत्तरीयामा अखिल क्रान्तिकारीले पछिल्लो समयमा राज्य निकायकै उच्च पदस्थ व्यक्ति र सत्तारुढ दलका नेताहरुको मनपरीतन्त्रका कारण शैक्षिक विकृति, विसंगति तथा अराजकता मौलाउदै गएको भन्दै त्यसको विरोधमा प्रदर्शन गरेको छ ।

संगठनको केन्द्रीय समितिले जारी राखेको अनिश्चितकालीन रिलेअनशनको समर्थनमा सुदुरपश्चिम प्रदेशको आयोजनामा अत्तरियामा आज बिरोध प्रदर्शन गरेको हो ।

अत्तरीयामा विरोध प्रदर्शनपछि भएको कोणसभालाई अखिल क्रान्तिकारीका केन्द्रीय सचिव तथा प्रदेश संयोजक रामबहादुर महराले सम्बोधन गरेका थिए । कोणसभाको सञ्चालन केशव बहादुर साउदले गरेका थिए ।

यसैबीच अखिल (क्रान्तिकारी) चितवनले पनि जारी रिले अनसनप्रति समर्थन गर्दै विरोध प्रदर्शन गरेको छ । शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न नारा लेखिएका प्लेकार्डहरु प्रदर्शन गर्दै विद्यार्थीहरुले प्रदर्शन गरेका हुन् ।

## यो दलाल...

अब जनगणतन्त्रका लागि आन्दोलन अगाडि बढाउनु पर्ने बताए ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसको अध्यक्षता तथा सञ्चालनमा भएको कार्यक्रममा नेकपाका अध्यक्ष ऋषि कट्टेल, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष गोपाल किरातीले सम्बोधन गरेका थिए ।

अन्तरसम्वाद कार्यक्रमलाई प्रा.डा. सुरेन्द्र केसी, वरिष्ठ अधिवक्ता बोर्ण बहादुर कार्की, राजनीतिक विश्लेषक युग पाठक आदिले पनि सम्बोधन गरेका थिए ।

अन्तरसम्वाद कार्यक्रममा सहभागीहरुले नेताहरुसँग अन्तरसम्वाद र छलफल पनि गरेका थिए । अधिकांश वक्ताहरुले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषयमा महत्वपूर्ण विचार व्यक्त गरेका थिए । खासगरी राष्ट्रघाती नागरिकता विधेयकले देशमा फिजीकरण र सिक्किमीकरणको खतरा बढेको धारणा राखेका थिए ।

## देजमोले...

श्रीस, क्रान्तिकारी सुकुम्बासी संघका कास्की संयोजक प्रेमराज मश्राङ्गी, समाजवादी पार्टी नेपालका स्थानीय प्रतिनिधि श्रीधर पौडेल लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

यसैबीच, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नवलपुरले शनिबार कावासोतीको हाट बजारमा कोण सभा गरेको छ । देशमा व्याप्त हत्याहिंसा, कालोबजारी, बलात्कार, लुट, महंगी, सीमा अतिक्रमण लगायतको विरोधमा कोणसभा गरेको थियो । कोणसभामा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सदस्य पिताम्बर तिवारी, प्रदेश सदस्य उत्तम थापा, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष नारायण पंगेनी लगायतले बोलेका थिए ।

## १७औं...

नेपाल, अखिल नेपाल जनसांस्कृतिक महासंघलगायत ७ वटा संगठनहरुको संयुक्त आयोजनामा आज बिहान ७ बजे शान्तिवाटिकाबाट भृकुटीमण्डपसम्म प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ भने दिउँसो १२ बजे इच्छुक सांस्कृतिक प्रतिष्ठानमा विशेष कार्यक्रमको आयोजना गरिएको छ । प्रभातफेरी कार्यक्रम आयोजना गर्ने अन्य संगठनहरुमा जनपत्रकार संगठन, प्रगतिशील पत्रकार संघ, नेपाल प्रेस सोसाइटी, मधेसी पत्रकार समाज नेपाल र अखिल नेपाल जनसांस्कृतिक महासंघ रहेका छन् ।

## क्रान्तिकारी पत्रकार महासंघ नवलपुरमा पंगेनी

नवलपरासी । क्रान्तिकारी पत्रकार महासंघ नवलपुरको शनिबार भएको प्रथम जिल्ला भेलाले लोकनाथ पंगेनीको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कमिटि गरेको छ ।

समितिको उपाध्यक्ष कल्पना विन्दु गौतम, सचिवमा शोभा जिसी, सहसचिव भिम राना, कोषाध्यक्ष लोकबहादुर कुमाल चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा यमबहादुर सोमै, सूर्य भट्टराई, रेसम सापकोटा, अमित विक, संगिता तिमिल्सिना, मनिषा ढकाल, सृष्टी वाग्ले, लक्ष्मी काफ्ले, विपना सोती मगर र अमृत पोखेल चयन भएका छन् ।

भेलाको उद्घाटन गर्दै क्रान्तिकारी पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष नारायण पंगेनीले राज्यले प्रेस माथि अंकुश लगाउनका लागि विभिन्न ऐन ल्याएको भन्दै त्यसको विरोध गरेका थिए ।

कार्यक्रममा क्रान्तिकारी माओवादीका केन्द्रिय सदस्य अशोक लम्साल, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रिय सदस्य पिताम्बर तिवारी, क्रान्तिकारी माओवादी नवलपुरका सेक्रेटरी उत्तम थापा लगायतले बोलेका थिए ।

कार्यक्रम लोकनाथ पंगेनीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा भीम रानाले स्वागत मन्तव्य राखेका थिए भने शोभा जिसीले कार्यक्रमको सञ्चालन गरेका थिए ।

## ट्रान्सपोर्ट मजदुर युनियन चितवनको भेला सम्पन्न

चितवन । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ अन्तर्गत अखिल नेपाल ट्रान्सपोर्ट मजदुर युनियन चितवन जिल्ला भेला सम्पन्न भयो । भेलाले संजय चौधरी अध्यक्ष रहेको १३ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । समितिको उपाध्यक्ष मनोज परियार सचिव माधव राजवंशी र कोषाध्यक्षमा सुरेन्द्र चौधरी रहेका छन् । सदस्यहरुमा दिपेस कुमार झा, दिनेश चौधरी, वीरसिंह चौधरी, सन्तोष राजवंशी, श्याम चौधरी, संजिव चौधरी र विरेन्द्र चौधरी निर्वाचित भएका छन् । भेलाले सल्लाकारमा मजदुर नेता नरबहादुर गौतमलाई चयन गरेको छ ।

# भातीय लोकसभाको निर्वाचन र 'आयातित कला'



रुसी सहयोगमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पनि दुई चरणको निर्वाचन गरी यसरी नै विजय भएका थिए । पहिले मत परेका प्रदेशहरुमा मतपेटिका साटेर ट्रम्पको जीत सुनिश्चित गरिएको थियो । लोकप्रियता र मतदाता संख्याका हिसाबले तातकालिन डेमोक्र्याट उमेदवार हिलारी क्लिन्टनको निकै वाहवाही भए पनि आखिर यसै ट्याक्टिसका आधारमा ट्रम्प विजयी बनाइएका थिए ।

यो टक्निकको सफलतम् प्रयोग नेपालमा पनि भइसकेको छ । नेपालको पनि दुई चरणको नर्वाचन यसैको प्रयोग थियो ।

काठमाडौं । भारतीय लोकसभामा भारतीय जनता पार्टी एक्लैले ३०३ स्थानबाट बिजय हासिल गरी सजिलो बहुमत ल्याएको छ । भाजपाको नेतृत्वमा बनेको चुनावी गठबन्धन एनडीएको भने छिमेकी देश भारतमा भर्खैरै सम्पन्न लोकसभाको निर्वाचनमा भारतीय जनता पार्टीले ३०३ सिटमा विजय हासिल गरेको छ । यो विजयसँगै भाजपाले सहज बहुमत प्राप्त गरेको छ ।

सत्ताधारी दल आफैले कसरी ल्यायो त फेरि बहुमत ? निर्वाचनका मुखैमा मोदीको साख निकै गिरेको थियो । त्यसअनुसार भारतमा मिलिजुली सरकार बन्ने संभावना देखापर्न थालेको थियो । यसैलाई मध्यनजर गेरर रुसबाट अमेरिका आयातित गरिएको चरणबद्ध निर्वाचनका प्रक्रिया मोदीले पनि भारतमा आयात गरे । संस्थागत धाँधलीको यो प्रक्रियामा एकपछि अर्को चरणमा जनता र अरु दलहरुलाई होम्ने तर आफूले राज्यसत्ताको प्रयोग गेरर मतपेटिकाहरु हेरफेर गर्ने गरिन्छ । भारतमा भएको सात चरणको मतदान सकिंदासम्म मोदीका यी काम पनि तमाम भइसकेका थिए ।

यसलाई विश्वसनीय बनाउन मोदी आफैले मत सर्वेक्षणको हौवा फैलाए । मतपेटिकाका सिलबन्दी खोलिनु पूर्व उनले यस्तो नाटक रचेका थिए । यो नाटकका कारणले विपक्षीहरु देशभर सल्बलाउने त गरे, तर यो सल्बलाई निकै ढिला भइसकेको थियो । मोदीले 'सिकार गरिसके पछि' मात्र यो हल्ला फैलाएका थिए ।

संस्थागत भ्रष्टाचारको यो प्रक्रियाले देखाउँदा निकै नै प्रजातन्त्रको र प्रजातान्त्रिक आवरण दिए पनि अन्तर्यमा यसले फासीवादको अभ्यासलाई सुदृढ गर्दछ । रुसमा लगातार ३५ वर्षसम्म पुटिन सत्तासिन छन् । उनको सल्लाह र कृपाले उनकै संस्थागत धाँधलीको फोटोकपी गरेर अमेरिकी राष्ट्रपति ट्रम्प सत्तामा उदाएका छन् । त्यही संस्थागत धाँधलीको फोटोकपी  मोदीले गरेको देखिन आएको छ । मतदानपछि सिलबन्दी गरिएका मतपेटिका रातारात साटिनु भन्दा पहिले मोदीले मत सर्वेक्षणका नाममा मत सर्वेक्षणको हौवा फैलाउन लगाएका छन् ।

प्रतिपक्षी पार्टी कांग्रेस आईका अनुसार यी मतसर्वेक्षणहरु प्रायोजित भनी सतर्कता पनि अपनाइएको देखिन्छ । तर निकै ढिलाई पछि मात्र । मत सर्वेक्षणका नाममा गरिएका यी सबै सर्वेक्षणहरुमा भाजपाको जित ३०० स्थानको वरिपरि र एउटा पोलले त ३०३ नै हुने तथ्यांक सार्वजनिक  गरेको थियो ।

तल्लो सदन लोकसभाका ५ सय ४२ स्थानका लागि आइतबार मतदान सम्पन्न भएसँगै कुन पार्टी र को प्रधानमन्त्री हुने चर्चा निकै चलिरहँदा मत सर्वेक्षणका नाममा आएको मोदीको जीतको सुनिश्चितताको प्रचारसँगै यस्तो स्थिति देखा परेको थियो । मोदीले सात चरणको चुनाव नै यसै कारणले गराएका हुन् भन्ने विश्लेषकहरुको दाबी रहेको छ ।

त्यतिबेला मत पेटिका राखिएका कोठाहरुको साँचो तात्कालीन एमाले र माकेका जिल्ला नेताहरुको हातमा दिइएको थियो । मत पेटिकाहरु ढोकाले जोडिएका कोठाहरुमा राखिएको थियो । ताकि एउटा कोठामा मत पेटिका राखेर ताला लगाइएको थियो र अर्को कोठाबाट भित्र पसी भित्री अन्तर कोठाको ढोका खोली मत पेटिक सजिलै ल्याउने लैजाने गरी सबै मत पेटिका राखिने स्थान मिलाइएको थियो ।

शायद भारतमा पनि पहिला चरणका निर्वाचनहरुका मत पेटिका साट्न मोदीको सरकार सफल भइसकेको छ । कोही भन्नेहरुले र विपक्षीहरुले गडबडी गर्न मोदीको पैसा र प्रायोजनमा निर्वाचनको मत सर्वेक्षण सुनाइयो भने पनि मोदीले पहिला भएका चरणबद्ध निर्वाचनपछि यो काम निकै सफलताका साथ सम्पन्न गरिसकेको हुनु पर्छ ।

रुसमा पनि भ्लादिमिर पुटिन यसै टेक्निकको प्रयोग गरेर समाजवाद निर्माणकर्ता स्टालिनपछिका लामो कार्यकाल शासन गर्ने रुसी शासकका रुपमा दर्ज हुन पुगेका छन् ।

## एनडीए संसदीय दलको नेतामा मोदी

काठमाडौं । भारतीय जनता पार्टी (भाजपा)को नेतृत्वमा रहेको नेशनल डेमोक्रेटिक अलाएन्सको संसदीय दलको नेतामा निवर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीलाई सर्वसम्मत रूपमा चयन गरिएको छ । भाजपा नेतृत्वको गठबन्धन र भाजपा एक्लैले सहज बहुमत हासिल गरिसकेपछि प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार राष्ट्रपतिलाई भेट गरी राजिनामाको प्रस्तावसहित नयाँ प्रधानमन्त्री चयन र सरकार गठनका लागि मार्ग प्रशस्त गरिसकेका छन् ।

संसदीय मान्यता अनुसार बहुमत प्राप्त दल वा गठबन्धनका नेतालाई प्रधानमन्त्रीका लागि प्रस्ताव गरिने र उनको नेतृत्वमा सरकार गठन गर्न स्वीकृति दिइन्छ । अर्कातिर त्यस्तो व्यक्तिलाई पार्टी वा गठबन्धनले संसदीय दलको नेतका रुपमा छनौट गरेको हुनु पर्छ । मोदी एनडीएको संसदीय दलको नेतामा चयन भएपछि उनको नेतृत्वमा फेरि नयाँ सरकार गठनको ढोका खुलेको हो । मोदी सर्वसम्मतरुपमा संसदीय दलका नेता चयन भएका हुन् ।

# मध्यपूर्वमा अमेरिकी निशाना : इरान–अमेरिकी कटाक्ष

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले अमेरिकाविरुद्ध युद्ध चाहेको युद्ध गरिएमा इरानको सत्यानाश हुने चेतावनी दिए । तर इरान भने इरानी जनतालाई अमेरिकाले हेप्न नहुने र सार्वभौमिकताको सम्मान गर्नुपर्ने कुरा दोहऱ्याइरहेको छ । अरब देशहरुमध्ये साउदीमा अमेरिकाले हतियार थुपारेपछि उक्त हतियारको प्रयोग र थप हतियार बिक्रि गराउन अमेरिका लागि परिरहेको छ । अरबका कुन देशहरुलाई जिस्क्याउने र र कुन देशहरुलाई बोक्ने भन्ने रणनीति अनुसार अमेरिकाले यो खेल खेलिरहेको छ ।

राष्ट्रपति ट्रम्पले यही रणनीति अनुसार इरानलाई चिमोट्दै र जिस्क्याउँदै गरिहेका छन् । केही गर्न नपाए पनि इरानका बारेमा ट्वीट गर्दै लडाइँ गरेमा 'औपचारिक रुपमै' इरानको अन्त्य हुने चेतावनी दिन थालेका छन् । यसले इरानमाथि अमेरिकी हमलाको वातावरण निर्माणमा ट्रम्प लागेको जनाउ दिन थालेको छ ।

ट्वीट गरिए अनुसार 'अमेरिकालाई नधम्क्याउन' समेत इरानलाई चेतावनी दिएका छन् । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले अमेरिकाले इरानलाई दिएको यो हालसम्मकै कडा चेतावनी भनिरहँदा इरानले पनि अमेरिकाले इरानी जनताको सम्मान नगरेको भनी कडा टिप्पणी गरिरहेको छ । इरान पनि यदि अमेरिकी हमला भएमा आफू हातमा दही जमाएर नबस्ने संकेत गरिसकेको छ ।

घुमाउरो पारामा राष्ट्रपति ट्रम्पले अमेरिकाले इरानसँग युद्ध नचाहेको पनि बताएका छन् । गर्जिएको सिंहभन्दा मुस्कुराएको सिंह अझै खतरनाक हुने भएकाले इरान अमेरिकादेखि निकै सतर्क भएको देखिन्छ । यही तनाबका बीचमा इराकको राजधानी बगदादमा रहेको अमेरिकी दूतावासनजिक रकेट आक्रमण भएको छ । बगदादको ग्रिन जोनमा रेकट आक्रमण भएपछि अमेरिका पनि केही बढी सतर्क हुन पुगेको छ । अमेरिकी अधिकारीले यसलाई 'अमेरिकालाई लक्षित गरी गराइएको' भन्दै इरान समर्थित लडाकुको हात रहेको हुनसक्ने संकेत गरिरहेका छन् ।

केही दिनअघिमात्र अमेरिकाले इरान समर्थित लडाकुबाट आक्रमण हुनसक्ने भन्दै इराकमा रहेको अमेरिकी राजदूतावास तथा इराकको स्वशासित क्षेत्र इराकी कुर्दिस्तानको राजधानी इर्बिलमा रहेको नियोगबाट आफ्ना कर्मचारी फिर्ता गरेको थियो । यी सबै कुरामा अमेरिकी खेल निकै योजनाबद्धतामा अघि बढिरहेको देखिन्छ ।

# नक्कली अनुगमन बन्द गर : ट्रम्प



*रुससँगको सम्बन्धको खुलासा महाअभियोग लायक छ : पिलोसी*

काठमाडौं । अमेरिकी सभामुख न्यान्सी पिलोसीले राष्ट्रपति ट्रम्पको राष्ट्रपति चुनावताकाको रसियासँगको उनको सम्बन्ध 'महाअभियोग लगाउन लायक' भएको अभिव्यक्ति दिएपछि ट्रम्प वैठकस्थलबाट बाहिरिएका थिए । एक्कासी तातिएर जुरुक्क उठेका ट्रम्पले तिमीहरुको 'नक्कली अनुसन्धान बन्द गर' भन्दै अब डेमोक्र्याटसँग सँगै बसेर र मिलेर काम नै गर्न नसकिने पनि बताए ।

राष्ट्रपतिको हैसियतबाट यसखालको व्यवहार अशोभनीय भएको र कमीकमजोरी अस्वीकार गर्ने राष्ट्रपति ट्रम्पको भनाई आफैमा अक्षम्य रहेको पिलोसीको दाबी थियो । तर ट्रम्प भने रुससँग भएको भनिएको सम्बन्ध सबै नक्कली र आफ्नो बेइज्जत गर्न उठाएको तर्क छ ।

रबर्ट म्युलरको नेतृत्वमा गठित छानबिन समितिले ट्रम्पको रसियासँगको सम्बन्धका बारेमा थप खुलासा गरेपछि ट्रम्प निकै तनावमा रहने गरेका छन् । यही तनावमा रहेका ट्रम्पलाई सभामुख पिलोसीको 'महाअभियोग योग्य' भनी गरिएको टिप्णीले गम्भीर बनाएपछि उनी बैठक स्थलबाट उठेर हिंडेका थिए ।

पिलोसीका भनाइ अनुसार म्युलर प्रतिवेदन जस्ताको तस्तै सार्वजनिक गर्न अनकनाई त्यसको आफू अनुकलका केही बुँदाहरुमात्र बाहिर ल्याएर त्यस विषयलाई थप गम्भीर र रहस्यमय बनाउने काम ट्रम्पले गरेका छन् । प्रतिपक्षीका अनुसार यो भनै गम्भीर विषय हो ट्रम्पका लागि ।

## त्रिवि सेवा...

हुन्छ । त्यसैले नागरिक शिक्षाको अभावमा जातीय, भाषिक, धार्मिक र क्षेत्रिय आधारमा साम्प्रादायिक दंगा र हिंसा समेत हुन सक्ने हुँदा वहुलवादी समाजमा सामाजिक एकता कायम गर्न र सहिष्णुताको वातावरण बनाउन यसको महत्व अझ बढी देखिन्छ । नागरिक शिक्षाले प्रजातान्त्रिक शासन व्यवस्थामा वहुमत र अल्पमत दुवैको महत्व दर्शाउछ । अल्पमतको पनि सम्मान गर्दै जाने र वहुमतले गलत कार्य गर्न खोजेमा रोक्ने कार्य पनि गर्छ जसका लागि नागरिक शिक्षाको महत्वपूर्ण भूमिका स्वयं सांसदहरुलाई पनि उत्तिकै खाँचो हुन्छ । प्रजातान्त्रिक शासन व्यवस्थामा जनताका सहभागिताको बढी महत्व रहन्छ ।

शासन व्यवस्थामा जनताको सहभागिताको मात्रा जति बढी भयो त्यति नै शासन व्यवस्था बलियो हुन्छ भने जनताको संलग्नता र सहभागिताको मात्रा शासनमा जति न्यून भयो त्यो व्यवस्था त्यति नै कमजोर बन्दै जान्छ । नागरिक शिक्षाले शासनमा राजनीतिक सहभागिताको लागि प्रोत्साहित गर्छ । त्यस्तै प्रजान्त्रिक व्यस्थामा प्रजान्त्रिक आदर्श अनुरुपको आचरण प्रजान्त्रिक र रानीतिक चेतना बिनाको समाजमा मानव अधिकार सामाजिक मूल्य मान्यता र आदर्श कानुनको शासन उत्तरदायित्वपूर्ण व्यवहार सामूहिक भलाई जस्ता महत्वपूर्ण पक्षको आशा गर्न सकिदैंन । समग्रमा भन्नु पर्दा नागरिक शिक्षाले आफ्नो कर्तव्यवोध अधिकार सामाजिक प्रतिष्ठा र आफूले अरुप्रति गर्ने व्यवहार लगायतका विविध पक्ष समेटने भएकोले नागरिक शिक्षा आजको सन्दर्भमा अझै महत्वपूर्ण भएको छ ।

# सर्वसाधारण अफगानिमाथि अमेरिकी हवाइ आक्रमण : अमेरिकी लडाकु हेलिकप्टर खसालियो



काठमाडौं । पछिल्ला अमेरिकी हवाइ आक्रमणमा धेरै सर्वसाधरणको हताहती भएको छ । राष्ट्रसंघका अनुसार पनि अफगानिस्तानमा अमेरिकाद्वारा गरिएका पछिल्ला हवाई आक्रमणमा १४ जना सर्वसाधारण नागरिक मारिएका छन् । अमेरिकाले काबुलस्थित आफ्ना हवाई सेना प्रयोग गरी गरेको यो आक्रमण बढी नरसंहारकारी रहेको पनि बताइएको छ । यसका साथै जथाभभावी अमेरिकी आक्रमणको सर्वत्र निन्दा पनि गरिएको छ । सर्वसाधरणको हताहतीपछि अफ्गानी जनता निकै क्रुद्ध बनेका छन् ।

राजधानी काबुलमा तैनाथ गरिएका अमेरिकी सेनाको यो ताण्डबपछि अफगानिस्तानका लागि राष्ट्रसंघीय मिसन (युनामा) आम जनतामाथि वर्षाइएको गोलाबारीको निन्दा गर्न बाध्य भएको छ । युनामाका अनुसार गत २० मेमा हेल्मन्ड प्रान्त र २२ मेमा कुनार प्रान्तमा गरिएका अमेरिकी हवाई आक्रमणमा मारिएका १४ जनामा पाँच जना महिला र सात जना बालबालिका रहेको जनाएको छ । तर अमेरिकी सेनाहरुले ती सबै विद्रोहीहरु भएको भनी सफेद झुठ बोलिरहेको छ ।

आफ्नो तर्फबाट घटनाका बारेमा गरिएको अनुसन्धानपछि युनामाले ट्वीट गर्दै अफगानिस्तानमा भइरहेका अमेरिकी हवाई आक्रमण सर्वसाधारणलषित रहेको बताएको छ । सर्वसाधरणमाथिको यो निरन्तर क्रुर आक्रमण झनै बढ्न थालेपछि युनामाले चिन्तासमेत व्यक्त गरेको छ । ट्वीटमा भनिए अनुसार 'कुनै पनि किसिमको नोक्सानीबाट नागरिकको सुरक्षा गर्नु अन्तर र्राष्ट्रिय प्रतिबद्धता हो र यसको सबै पक्षबाट सम्मान गरिनुपर्दछ । अफगान सुरक्षा फौजसँग रहेको हवाइ क्षमता कमजोर भएकाले विद्रोहीलाई कज्याउन नसकेको भन्दै अमेरिकी सेना लामो समयदेखि काबुलमा कब्जा जमाएर बसिरहेको छ ।

हालका पछिल्ला दिनहरुमा अमेरिकी र अफगानी सेनाका बीचमा केही खटपट र असझदारी बढेपछि अमेरिकी सेनाले एकलौटी आक्रमण गरिरहेको छ । सर्वसाधरणका वस्ती, अस्पताल तथा विद्यालयहरुमा अमेरिकी हवाइसेनाले निरन्तर र जानाजान अक्रमणलाई बढावा दिएपछि अफ्गानी सेनाले अमेरिकी बर्बरताको विरोध गर्दै आएका छन् । काबुलस्थित तैनाथ अमेरिकी सेनाले भने बारम्बार दोहोऱ्याइरहने यी घटनाहरुका बारेमा कुनै पनि प्रतिक्रिया दिन अस्वीकार गरिरहेको छ ।

अमेरिकी सेनाले हालसम्म चारसय स्थानमा विनाशकारी बमबार्ड गरिसकेको बताइएको छ । यसले निम्त्याएको विनाशलीला अफ्गानी जनताका लागि दीर्घ रोग र यातना बनिरहेको छ । अमेरिकी सेनाहरु त यति उद्दण्ड र अराजक तथा रक्त पिपासु रहेका छन् कि उनीहरुले अफ्गानी सैन्य तथा प्रहरी मुकामहरुमाथि बम्बार्ड गरेर अफ्गानी सुरक्षाकर्मीहरुको समेत ज्यान लिइरहेका छन् ।

यसैबीच अफगानिस्तानमा एक अमेरिकी सैनिक हेलिकोप्टर खसालिएको छ । बम्बार्ड गर्नका लागि पठाइएको उक्त हेलिकप्टर गोला बारुद र आक्रमणकारी अमेरिकी सेनासहित खसालिएको हो । तर यसलाई ढाकछोप गर्दै 'कठिन अवस्थामा अवतरण गर्दा ध्वस्त भएको' भनी अमेरिकी स्रोतहरुले बताउने गरेका छन् । उक्त लडाकु हेलिकोप्टरमा सवार रहेका सबै ध्वस्त भए पनि चालक दलका सदस्य घाइते अवस्थामा बाँच्न सकेको अमेरिकी अधिकारीले बताएका छन् । अमेरिकी सेनाहरुलाई दुर्घटनामा पर्दा कुरा गोप्य राखिने र उनका घर परिवारलाई क्षतिपूर्ति दिइने गरिएको छ । बम्बार्ड गर्न गएको 'सिएच-४७ चिनूल' अमेरिकी हेलिकोप्टर बिद्रोहीहरुसँगको लडाइँको क्षेत्रमा नै खसेको छ । हेलिकप्टर पूर्ण रुपमा ध्वस्त भएको छ ।

बहुमूल्य पत्थर हिरा खानी रहेको हेलमान्ड प्रान्तमा अमेरिकी सेना राखेर लामो समयदेखि अमेरिकाले हिरा उत्खनन गरेर अमेरिका लाने गरिरहेको छ । स्थानीय जनता र विद्रोहीहरु यो हिराखानी संरक्षणका लागि लामो समयदेखि लड्दै आएका छन् । स्थानीयको चर्को विरोध सहन गर्न नसकेर अमेरिकी युद्धक विमान र हेलिकप्टरले स्थानीयका बस्तीहरुमा बमगोला वर्षाउने गरिरहेका छन् ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# एकै कोखका दुई कमाण्डर



❑ अञ्जानकुमार तिमिल्सिना

**"यदि तिमी संसार बदल्न चाहन्छौ भने तिमीले यातनाका हरेक दस्तावेजमा हस्ताक्षर गर्नैपर्छ,चाहे तिम्रो भागमा मृत्यु किन नपरोस्" –क. माओ**

**भूमिका :**

महान क्रान्तिकारी कम्युनिष्ट नेतातथा योद्धा आकाशबाट झर्ने नभई यही सामाजिक परिवेश तथा वर्ग संघर्षको भट्टीबाट जन्मन्छन् । नेपाली धर्तीमा चलेको महान् जनयुद्धको पृष्ठभूमिबाट महान् नेता तथा होनहार योद्धाको जन्म भएको छ । तिनै होनहार योद्धामध्ये एउटै आमाको कोखबाट जन्मेका हामी तीन दाजुभाइमध्ये माइलो भाइ रामकृष्ण तिमल्सिना (क. विवश) र कान्छो भाइ शिवहरि तिमल्सिना (क. उज्ज्वल), जो सर्वहारा वर्गको चेतना, भावना अनि मनोबल बनेका, ती महान् योद्धा आज हाम्रोसामु छैनन् । महान् सहिद हाम्रो आर्दश बन्न पुगेका छन् । ती दुईको योगदान र भूमिकालाई छोटो विवरण मार्फत् जानकारी गराउन चाहन्छु ।

**पारिवारिक पृष्ठभूमि :**

संसारलाई सुन्दर मानव समाजमा बदल्ने आँट बोकेर अगाडि बढिरहने योद्धा मरेर पनि युगयुगसम्म बाँचिरहन्छन् । तिनै योद्धा मध्येका हुन् माइलो भाइ रामकृष्ण तिमल्सिना (क. विवश) र कान्छो भाइ शिवहरि तिमल्सिना (क. उज्ज्वल) । नुवाकोट जिल्ला सुन्दरादेवी गा.वि.स. वडा नं. ४ तामेमा बुवा वीरबहादुर तिमल्सिना र आमा विष्णुमाया तिमल्सिनाको कोखबाट मिति २०३१ श्रावण २७ गते माइलो भाइ रामकृष्ण तिमल्सिना (क. विवश) र २०३५असार २७ गते कान्छो भाइ शिवहरि तिमल्सिनाको जन्म भएको थियो । यी दुई नै चितवनको वर्ग संघर्षको इतिहासमा ज्वजल्यमान नक्षत्रका रुपमा उदाउन पुग्नु भयो ।

निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मिएका यी दाजुभाइ आर्थिक संकटका कारण २०३९ साल फाल्गुण महिनामा सपरिवार चितवन जिल्ला साविक मंगलपुर गा.वि.स. वडा नं. २ (हाल भ.म.न.पा. १५, मंगलपुर) दशरथ नगरमा बसाइसराइ गर्नुभयो । क. विवश र क. उज्ज्वलको परिवारमा बुवा, आमा, १ दाजु र २ भाउजु एक दिदी १ बहिनी, श्रीमती छोराछोरी गरी १५ जनाको परिवारमा दिदी र बहिनीको विवाह भइसकेको छ । २०४९ असार २८ गते सिता रिमालसँग विवाहबन्धनमा बाँधिएका क. विवशका २ छोरी दृष्टि तिमल्सिना र पल्लबी तिमल्सिना छन् भने शिवहरि तिमल्सिना क. उज्ज्वल २०६० साल वैशाख २० गते खिमा रिजालसँग वैवाहिक बन्धनमा बाँधिएका थिए ।

हाम्रो परिवार कम्युनिष्ट क्रान्तिकारी विचारमा अडिग थियो, जसले न्याय र अन्याय छुट्याउन सक्दथ्यो । जो नेपालमा चलिरहेका परिवर्तनकारी आन्दोलनमा तत्कालीन शासकले चलाएको अन्याय, अत्याचार, शोषण, दमनविरुद्ध आवाज उठाउने हरेक आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष, खुल्ला वा भूमिगत रूपमा आन्दोलमा सहयोग समर्थन र सहभागिता हुने गर्दथ्यो । घरको कमजोर आर्थिक अवस्थाका कारण जिवनयापनका लागि कृषि पेशा अंगाल्नु पर्ने मजदुरी गर्नुपर्ने बाध्यता त छँदै थियो त्यसका बाबजुद पनि परिवारमा सबैले अध्ययन अध्यापन गर्ने समाज रूपान्तरणसँगै आफूलाई पनि रूपान्तरण गरि लैजाने यो परिवारको आदर्श थियो ।

हालसम्म पनि हाम्रो परिवार प्रतिक्रियावादीका षड्यन्त्रविरुद्ध निरन्तर रूपमा तमाम् परिवर्तनकारी आन्दोलन र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को हरेक तहमा रही आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । म स्वयम् तत्कालीन शाही नेपाली सेनाबाट विद्रोह गरी जनयुद्ध र जनमुक्ति सेनामा समावेश हुँदै थुप्रै मोर्चामा सहभागी भई जनमुक्ति सेनाको महत्वपूर्ण फर्मेशन जनसैनिक प्रतिष्ठान तथा केन्द्रीय प्रशिक्षण विभागको प्रमुख साथै ब्रिगेड कमाण्डरको भूमिका निर्वाह गरिसकेको छु । हाम्रो परिवारले युद्धकालमा होस् या शान्तिकालमा आफ्नो भूमिकालाई अग्र मोर्चामा उभ्याएको छ । क्रान्तिकारी युद्ध र आन्दोलनमा एउटा आदर्श परिवारको रूपमा साबित गरेको छ ।

**वाल्यअवस्था र शिक्षादिक्षा :**

भाइ सानै उमेरदेखि धैर्य, गम्भीर र सिर्जनशील थिए । गरीब किसान परिवारमा जन्मेको कारण उनीहरूको स्वाभाव हेर्दा सादा जीवन उच्च विचार जीवनशैलीमा व्यक्त हुन्थ्यो । परिवारमा अत्यन्तै मिलनसार आदेश पालकदाजु भाइ एक अर्कामा र समाजका लागि सहयोगी थिए । उनीहरुको हेरचाह आमा, बुवा र घर परिवारबाट भएको थियो । सानै उमेरदेखि स्कुलजान नसक्ने र ठूलो शिक्षा हासिल गर्न नसक्नु घरायसी बाध्यता थियो । त्यसका बावजुद पनि छोरोलाई पढाउने आमाबुबाको तीव्र इच्छाका कारण र स्वयम्मा पैदा भएको रुचीले क. विवशको शिक्षाको प्रारम्भ सुन्दरदेवी राष्ट्रिय प्राथमिक विद्यालय नुवाकोटबाट २०३७ सालमा भयो । परिवारको बसाई सराईको कारण केही समय ग्याप गरि चितवनमा राष्ट्रिय प्राथमिक विद्यालय मंगलपुरमा भर्ना भई कक्षा ५ सम्मको अध्ययन सकी कक्षा ६ मा विश्वप्रकाश मा.वि. कल्याणपुरमा भर्ना भएर औपचारिक शिक्षाकक्षा ६ सम्म मात्र रह्यो ।

परिवारको माइलो सन्तान हुनुको नाताले परिवारलाई हेर्नुपर्ने र घरको कमजोर अवस्थाले गर्दा शिक्षामा निरन्तरता दिन नसके पनि व्यवहारका धनी थिए । हरेक प्रतिभाका धनी क. विवश सानै उमेरदेखि विद्रोही स्वभाव र सिर्जनशील थिए । आर्थिक अभावर विपन्नताको कारणले उनी २०४९ सालमा तत्कालीन शाही नेपाली सेनामा भर्ना भए । आफूमा भएको विद्रोही स्वभाव र त्यहाँभित्र हुने नोकरशाही शैली व्यक्तिवादी दम्भविरुद्ध लड्दै आफ्नो कठिन यात्रा अगााडि बढाइरहे । आफूमाथि लगाइने हरेक आरोप र आक्षेपको सामनागर्दै अगाडि बढ्ने क्रममा अवरोध आइपरेपछि उनको आक्रोशले अभिजात अफिसरमाथि हात हालाहालको अवस्था सिर्जना भयो र त्यसपछि लगाईएको झुठ्ठा मुद्दा लत्याउँदै विद्रोह गरी सर्वहारा वर्गीय राजनीति सुरु गरे ।

उता क. उज्ज्वल परिवारको कान्छो सुपुत्र भएकाले उनलाई अध्ययन अध्यापनभन्दा घरायसी काम गर्न परेन । सबैको न्यानो माया पाएका उज्ज्वल अभिभावकको आदेशभन्दा कहिल्यै बाहिर गएनन् । सानै उमेरदेखि पढाइमा तीब्र रुची राख्ने घरपरिवारलाई हरतरहले सघाउने, पढेर केही गर्ने इच्छा राखेका क. उज्ज्वलको शिक्षाको प्रारम्भ २०४२ सालमा गाउँकै राष्ट्रिय प्राथमिक विद्यालयबाट भयो । हुने विरुवाको चिल्लो पात भने झैँ उनी कक्षा १ देखि नै प्रथम, द्वितीयहुँदै कक्षा ५ सम्म त्यसै राष्ट्रिय प्राथमिक विद्यालय मंगलपुरमा अध्ययन गरे र २०४७ सालमा उनी विश्वप्रकाश माध्यामिक विद्यालय कल्याणपुरमा कक्षा ६ मा भर्ना भइ निरन्तर आफ्नो अध्ययनलाई अगााडी बढाउँदै २०५३ सालमा प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरे ।

त्यसै विश्वप्रकाश उच्च माध्यामिक विद्यालयमा +२ मा भर्ना भई उच्च शिक्षामा उनलाई चितवन टप गरेकाले क्याम्पसले छात्रवृत्ति र अवार्ड प्रदान गऱ्यो । २०५६ सालमा इन्टर पास गरी स्नातक तहको लागि सप्तगण्डकी क्याम्पसमा भर्ना भए । स्नातक दोश्रो वर्ष अध्ययन गर्दागर्दै आफ्नो पढाइलाई रोकी ने.क.पा. (माओवादी)द्वारा संचालित महान् जनयुद्धमा समावेश भई भूमिगत जीवनको सुरुवात गरे । उनी अध्ययन र शिक्षामा असाध्यै मेहनत गर्दथे । समयलाई कत्ति पनि खेर नफाल्ने मनोरन्जनभन्दा पनि अध्ययनमा व्यस्त हुने उनको कार्यशैली थियो । उनको पढाइको लागि बुवाआमाले मेलापात, खेती किसान र दुई दाजुले तत्कालीन शाही नेपाली सेनामा जागीर गरेर अध्ययनको आर्थिक संकट हल गरेका थियौं ।

**राजनीतिक तथा सांगठनिक पृष्ठभूमि :**

क. रामकृष्ण तिमल्सिना (विवश) ०४९ सालमा तत्कालीन शाही नेपाली सेनामा भर्ति भए । नेपाली सेनामा रहँदाथुप्रै पटक असंगठित विद्रोह गर्दा २०५५ सालमा सैनिक हिरासतमा राखी जर्नेल ठाकुर सुब्बाको नेतृत्वमा सैनिक अदालतबाट बर्खास्त गर्ने निर्णय गऱ्यो । त्यसका विरुद्ध त्यहाँबाट विद्रोह गरी तत्कालीन नेकपा (माओवादी) मा २०५६ सालमा पूर्णकालीन भई स्क्वायड सदस्यका रूपमा काम सुरु गर्न थाले । त्यसै बखत पार्टी सदस्यप्राप्त गरि केन्द्रीय फोर्स, २०५७ मा धादिङ ३ नं. प्लाटुन सदस्य, २०५७ मा सेक्सन सह कमाण्डर, शाखा सदस्य, २०५८ मा सेक्सन कमाण्डर, २०५९ मा बासु स्मृति चौथो बटालियन सी कम्पनी अन्तगर्त प्लाटुन कमाण्डरर क. उज्ज्वल २०५५ सालमा पार्टी सदस्य, २०५६ सालमा भूमिगत, २०५६ एरिया कमिटी सदस्य, २०५७ एरिया सेक्रेटरी तथा स्क्वायड कमाण्डर, २०५८ अर्बान प्लाटुन कमाण्डर, २०५९ चितवन जिल्ला प्लाटुन कमाण्डर तथा पार्टी जिल्ला सदस्य, २०५९ वासु स्मृति चौथो वटालियन सी कम्पनी प्लाटुन पार्टी सचिवालय सदस्य, २०६० कम्पनी सह कमाण्डर, नवलपरासी रुपन्देही एसटीएफ् कम्पनी सह-कमाण्डरको महत्वपूर्ण जिम्मेवारी सम्हाल्ने ती दाजुभाइले त्यो जिम्मेवारीले सुम्पेको महान् अभिभारा पूरा गर्ने क्षमता राख्दथे । उनीहरू हरेक कठिन कार्यमा पनि कहिल्यै पछि परेनन् । कुशल संगठक भएका कारण अपरिचित भूगोलमा कार्यक्षेत्र भएपनि छिट्टै जनताका आँखाका नानी बनिहाल्ने, श्रम तथा छलफलमा रुची राख्ने, नेतृत्वदेखि कार्यकर्ता वा आमजनताले उच्च आदर तथा विश्वास गदर्थे । बोल्दा हाँसेर बोल्ने, कहिल्यै नरिसाउने तर वर्ग बैरीसित भने बाघ गर्जे झैं गर्जिदै जाइलाग्ने उनीहरूको स्वभाव थियो ।

**फौजी कार्वाहीमा भूमिका :**

जनताको मुक्तिको लागि लड्ने एउटा क्रान्तिकारी योद्धाको लागि युद्धकला हो । हामी आफ्नो सीपक्षमता युद्ध मैदानमै देखाउनु पर्छ भन्ने सिद्धान्तअनुसार उसका हर दिन, हर क्षण कुनै न कुनै रूपमा भइरहने हरेक कार्य दुश्मनविरुद्ध र दुश्मनसँग हुने गर्दछन् । यसलाई प्रेरणा र सहयोग आवश्यक पर्दा प्रेरणस्रोत भनेका श्रमजिवी जनता हुने गर्दछन् । दुश्मनविरुद्ध लड्ने योद्धाका दैनिक घटनाक्रम उल्लेख गर्न असम्भवहुन सक्छ, तर पनि त्यो योद्धाले लडेका स्मरण योग्य केही कार्वाही समावेश गरिएको छ ।

क. विवशको थुप्रै एम्बुस र कमाण्डोमा महत्वपूर्ण भूमिका रहेको थियो । खास गरी नुवाकोटको तादीपुल प्रहरी चौकी आक्रमण, धादिङको दार्खा प्रहरी चौकी रेड, गोर्खाको बार्पाक इलाकाप्रहरी चौकी रेड, अर्घाखाँची सदरमुकाम सन्धीखर्क रेड आदि स्मरणयोग्य सहभागी कार्वाही हुन् ।

भूमिगत हुनु भन्दापहिले नै उनले थुप्रै फौजी कार्वाहीमा विद्यार्थीको तर्फबाट भाग लिइसकेका थिए । भूमिगत भइसकेपछि थुप्रै एम्बुस तथा रेडमा महत्वपूर्ण भुमिका निर्वाह गरेका थिए । उनको कार्यक्षेत्र अर्बान प्लाटुन तथा एस्टी एफ्मा नै बढी भूमिका रहन गयो । गोर्खाको ताकुकोट रेड देखि थुप्रै एम्बुस, कमाण्डो अट्याकआदिमा सहभागी भएका थिए भने यीमध्ये टाँडीको सौराहामा शाही नेपाली सेनाका कोभर्ट ग्रुपलाई कमाण्डो गरी चितवन जिल्लाको पहिलो अत्याधुनिक हतियार कब्जा गर्न सफल भए ।

**घटना प्रकृति र कालो रात :**

क. विवश २०५९ भाद्र २४ गते अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा महत्वपूर्ण भूमिकानिर्वाह गरि फर्के लगत्तै पार्टीको निर्देशन मुताविक पश्चिमको डी कम्पनी पूर्व कार्यक्षेत्र जाने योजनामा रुट गाइडको भुमिका निर्वाह गर्दा २०५९ असोज १७ गते बिहान ४ बजे स्याङजा जिल्लाको पकवादी गा.वि.स. मा डी कम्पनी र सशस्त्र प्रहरीसँगको भिडन्तमा गोली लागि घटना स्थलमा नै सहादत प्राप्त भयो । गोपनियता नै पार्टी योजनाको सफलता हो भन्दै दुश्मनको सामु कहिल्यै प्राणको भिख नमाग्ने शिक्षामा निपूर्ण कमरेड गुम्दाको त्यो कालो रातको पीडा सिंगो फर्मेशन, समग्र सर्वहारा वर्ग अनि जन्मदिने वुवा, आमा, श्रीमती, छोरीलगायत घरपरिवारले ब्यहोर्नु पऱ्यो । एकातिर अर्घाखाँचीको मोर्चामा दाजुको घाइते अवस्था, अर्कातर्फ यो सहादतको खबरले परिवारमा झनै पीडा थप्यो ।

पार्टीको योजना भनेपछि मरिमेट्ने खानपिन समेत भुल्ने, समयलाई निरन्तरता दिइराख्ने क. उज्ज्वल पार्टीको विशेष योजनामा २०६० साल चैत्र ७ गते म्याग्दीको वेनी सदरमुकाम कब्जा गर्ने योजना बनेपछि त्यस योजनालाई गण्डक क्षेत्र विशेष गरी नवलपरासी र रुपन्देहीबाट फौजी सपोर्ट दिने र केही सट तथा एरिया एम्बुस गर्ने योजना कार्यान्वयनमा थिए । त्यो योजनालाई पूरा गर्ने क्रममा निरन्तर आईएनटी तथा रेक्कीको काम गरिरहेका थिए । समय नजिक नजिक आइसकेको थियो । उनी एम्बुसको तयारीको लागि भूगोल रेकीमा आफ्नै कमाण्डमा रुपन्देही जिल्लामा खटिएका थिए । रेकी गरेर फर्कने क्रममा हाईवेबाट केहीभित्र उनीलगायत ४ जना साथीले जनताको घरमा खाना खाए । सुत्नको लागि केही टाढा जान पर्ने थियो । २०६० साल फाल्गुन १६गते करीब रातको ९ बजे सेल्टरमा गएर एकछिन बसेका मात्र के थिए, सालझण्डी व्यारेकबाट आएका शाही सेनाका जल्लादले कायरतापूर्ण ढंगबाट घर घेराहाली चारै जनालाई गिरफ्तार गऱ्यो । सी.आई.डी.लाई सबै कुरा थाहभइसकेका कारण फुत्कने सम्भावना रहेन ।

पोल खोलाउने उद्देश्यले रातभरि कठोर यातना दियो तर क. उज्ज्वललगायत चारै जना क्रान्तिका लागि, नेपाली जनताका हकहित र मुक्तिका लागि हाँसीहाँसी बलिदान दिने सपथ खाएका योद्धाले पार्टी र योजनाको गोपनियताभङ्ग गरेनन् । उनीहरूले थुप्रै अत्याधुनिक हतियार ड्रम गरेका थिए । ठूलो फौजी योजनाको बारेमा जानकार थिए, क. उज्ज्वल । तर जतिसुकै क्रुर र अमानवीय कठोर यातना दिए पनि चट्टान झैँ बलियो क्रान्तिकारी विचारले लैस योद्धाबाट दुश्मनले कुनै पोल खुलाउन नसकेपछि २०६० फाल्गुन १७ गते बिहान ४ बजे संगीनले घोचीघोची पासबिक यातना दिंदै क. उज्ज्वललगायत चारजना होनाहार नेपाली आमाका सपुतहरूको हत्या गऱ्यो । उनीले गौरवपूर्ण शहादत प्राप्त गरे ।

यी महान् सहिदको बलिदानले प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समावेशी र समानुपातिक सहितको नेपालको संविधान २०७२ प्राप्त गरेका छौं । यी परिवर्तनलाई लागु गर्न र सहिदको सपना पूरा गर्नका लागि महान् शहीदलाई सम्मान र स्थापित गर्नु नै गणतन्त्रको पहिलो लक्ष्य हुनु पर्दछ । एउटै आमाका कोखबाट जन्मेका महान् सहिद शिवहरि तिमल्सिना र रामकृष्ण तिमल्सिनाको स्मृतिमा सहिद शिव-राम स्मृति प्रतिष्ठान निर्माण भएको छ । यस प्रतिष्ठानले सहिद परिवार द्वन्द्व पीडित परिवार, घाइते अपाङ्ग, योद्धाको सहयोगीको भूमिका खेल्ने लक्ष्य राखेको छ ।

अन्त्यमा, सर्वहारा वर्गको मुक्तिको लागि लड्दै सयौं चुनौतीलाई पछ्याउँदै हजारौं सम्भावना देख्ने यी वीरहरू गुम्दा सर्वहारा वर्गीय आन्दोलनमा जति क्षति बेहोर्नु पऱ्यो त्यति नै पहिले लागेको घाऊ सेलाउन नपाउँदै फेरि अर्को पीडा बेहोर्नु पर्दा काख रित्याउनु परेको आमा, सिंदुर पुछ्नु परेको श्रीमती र टुहुरा हुनु परेका बालबालिका सन्तान गुमाउनु परेको परिवार आफन्त गुमाउनु परेका आफन्तजन भावविह्वलहुनु त स्वभाविकै हो, तर शोकलाई शक्तिमाबदल्दै पीडालाई आक्रोशमा बदल्दै बाँकी रहेका सपना पूरा गर्नु बाँचेकाको काँधमा परेको कर्तव्य बोध गर्दै निरन्तर रूपमा सहिदहरूले देखाएको बाटोबाट अघि बढ्नु हाम्रो जीवन यात्रा बनेको छ । यही बाटो पछ्याउने हामी सबैले प्रण गरौं । सहिद द्वय क. विवश र क. उज्ज्वल लालसलाम !

## दलित मुक्ति मोर्चा काभ्रेको दोस्रो भेला सम्पन्न



काठमाडौं । नेपाल दलित मुक्ति मोर्चा काभ्रेको दोस्रो भेला सम्पन्न भएको छ । भेलाले नारायण रिजाल अध्यक्ष रहेको १९ सदस्यीय कमिटि निर्वाचित गरेको छ । जसमा उपाध्यक्षमा श्याम विक, सचिवमा जीवन मगराती, सहसचिवमा श्याम सुनार, कोषाध्यक्षमा अन्जना विक र सदस्यहरुमा सिताराम नेपाली, सेरबहादुर विक, श्रीकृष्ण विक, सरिता रसाइली, रमेस रम्तेल, नम्रता लोहार, अर्जुन विक, रुपा रुम्तेल, मंगली विक, विष्णु विक, दिपेन्द्र रम्तेल लगायत रहेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा ३ नं. प्रदेशका सचिव दिनेश शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलामा मोर्चाका केन्द्रीय अध्यक्ष अमर परियार, पार्टी केस कान्छाराम तामाङ, सोमानसिंह तामाङ, जिल्ला सचिव टंकराम अधिकारी, मोर्चाका प्रदेश संयोजक टेकबहादुर विक, देजमो काभ्रे अध्यक्ष जितबहादुर लामा, सहिद परिवार ज्ञानदेवी, मोर्चाका ४ नं. संयोजक राम नेपाली लगायतका नेताहरुको उपस्थिति रहेको थियो । भेला नारायण रिजालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## कांग्रेसी छाँया सरकारमा ओलीको छाँया

काठमाडौं- संसदमा विपक्षी बेञ्चमा रहेको नेपाली काँग्रेसले छाँया सरकार बनाएको छ । नबन्दै छाँयामा परेको कांग्रेसी छाँया सरकार बनेपछि पनि छाँयामा पर्दै गएको छ ।

नेकपाको हाइहुकुमको सरकार दुईतिहाइको दम्भसहित अघि बढिरहको छ । त्यसलाई संसदीय व्यवस्थाको पाठ सिकाउने प्रचारसहित बनेको कांग्रेसी छाँया सरकार बनेपछि पनि छाँयमा पर्न गएको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले संसदीय दल विधानको धारा ९ को उपधारा ५ (क) बमोजिम छाँया सरकारको रुपमा काम गर्न मन्त्रालय स्तरीय समन्वय समिति बनाएका हुन् ।

संसदीय व्यवस्थामा यस्तो संरचनालाई मैमत्त सरकार कज्याउने प्रजातान्त्रिक उपायका रुपमा लिइन्छ । सरकार कज्याउन सकेपछि अर्को निर्वाचनका बेला प्रतिपक्षले फेरि सरकार बनाउन पाउने हो । यसका लागि प्रतिपक्षले जनपक्षीय काम गर्नुपर्छ । जनताको विश्वास लिनु पर्छ र केही नमूना सोच, विचार, आचार र व्यवहार प्रदर्शन गर्नुपर्छ ।

तर नेपाली कांग्रेसले वीपीको आदर्श पछ्याएको पाइँदैन । विसं २०१५ सालमा नेपाली कांग्रेसको बहुमतको सरकार आएपछि वीपीले प्रतिपक्ष नभएको र प्रतिपक्षको अभाव भएको गुनासो गरेका थिए । उनलाई कतिपयले कम्युनिष्टहरु प्रतिपक्षमा रहेको पनि भनिदिएका थिए । तर वीपीले यस कुरालाई अस्वीकार गर्दै कम्युनिष्टहरु संसदीय व्यवस्थामा पूतिपक्षी हुन सक्दैनन् । कोइरालाले भनेका थिए, उनीहरु यदि साँचो अर्थमा कम्युनिष्ट हुन् र छन् भने उनीहरु प्रतिपक्ष होइन, प्रति ध्रुवीय हुन् । यो अर्थमा लिने हो भने कांग्रेसको छायाँ सरकार उचित छ ?

अर्को कुरा, सत्ता आइसकेपछि धेरैले मन्त्री, जीएम् र राजदूतमा नियुक्त गरिदिन माग गरे । तर पार्टीका बारेमा कसैले पनि चासो र चिन्ता जाहेरसम्म गरेनन् । यी सबेलाई जवाफ दिनका लागि 'वीपीले कांग्रेस ब्रेडले होइन, ब्रेनले बाँचेको छ' भनी वैचारिक अभियान लान प्रयास गरेका थिए । के कांग्रेसले यी दुई कुराहरु स्मरणमा राखेको छ ?

शायद छैन, त्यसैले कांग्रेस छाँया सरकार हुँदै पुनः छाँयामा पर्ने अभ्यास गरिरहेको छ ।

## राष्ट्रघात, फासीवाद र भ्रष्टाचारविरुद्ध पाँच पार्टीद्वारा अन्तरसम्वाद कार्यक्रम

काठमाडौं । राष्ट्रघात, फासीवाद र भ्रष्टाचारविरुद्ध पाँच पार्टीद्वारा बुधवार रत्नपार्क शान्तिबाटिकामा आयोजित एक अन्तरसम्वाद कार्यक्रम भव्य रुपमा सम्पन्न भएको छ ।

उक्त अन्तर सम्वाद कार्यक्रमलाई देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, नेकपा -क्रान्तिकारी माओवादीका तर्फबाट रामसिंह श्रीस, नेकपाका अध्यक्ष ऋषि कट्टेल, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष गोपाल किरातीले सम्बोधन गरेका थिए । अन्तरसम्वाद कार्यक्रमलाई प्रा.डा. सुरेन्द्र केसी, वरिष्ठ अधिवक्ता बोर्ण बहादुर कार्की, राजनीतिक विश्लेषक युग पाठक आदिले पनि सम्बोधन गरेका थिए । अन्तरसम्वाद कार्यक्रममा सहभागीहरुले नेताहरुसँग अन्तरसम्वाद र छलफल पनि गरेका थिए ।

## सुशासन...

जहाँ कानुनको अक्षरशः पालना गरिएको हुन्छ । सुशासन त्यहाँ लागु भएको हुन्छ जहाँ जनताको हित तथा सुखसमृद्धिप्रति राज्यको गहिरो सरोकारसहितको चासो रहेको हुन्छ । सुशासन त्यहाँ लागु भएको हुन्छ जहाँ योग्यता, दक्षता र क्षमता भएकाहरूले मात्र शासकीय तथा प्रशासकीय जिम्मेवारीको भूमिका पाएका हुन्छन् । सुशासनमा अनुशासनको सीमा कसैले उल्लङ्घन गर्न पाउँदैन, जसले गर्छ उसले सजायँ पाउँछ । सुशासनले हरेक नागरिकलाई अनुशासन र सभ्यता सिकाउँदै सचेत तुल्याउनुका साथै जिम्मेवारी बोध गराएको हुन्छ र सुयोग्य नागरिक बन्न प्रेरित गरेको हुन्छ ।

सुशासनका माध्यमबाट अगाडि बढेमा नेपालको वर्तमान सरकारले मुलुकलाई विकासको गति दिन सक्ने कुरामा कुनै शङ्का छैन । सुशासनबाट मात्र मुलुक विकासको गतिमा अगाडि बढ्नेछ र समृद्धिको दिशातर्फ लम्कनेछ । यसर्थ समृद्धिका आधार भनेका सुशासन र विकास हुन् भन्ने कुरालाई हृदयङ्गम गर्दै अब राज्यको ध्यान यिनै कुराको कार्यान्वयनतर्फ केन्द्रित हुनुपर्दछ । मुलुकमा जबसम्म योजना, आयोजना र परियोजनाहरूको कार्यान्वयनले तीव्र गति लिन सक्दैन तबसम्म विकासको परिकल्पनाले पनि निकास पाउन सक्दैन । यस्तो अवस्थामा समृद्धिको नारा केवल नारामा नै सीमित रहनेछ । समृद्ध नेपाल, सुखी नेपाली भन्ने नाराको कुनै अर्थ रहने छैन ।

*(लेखक त्रिवि, विश्वभाषा क्याम्पस प्रदर्शनीमार्गमा सेवारत पूर्वीय भाषा विभागका प्रमुख हुन् ।)*

## विश्वबैंक...

प्रतिवेदन २०१९ ले उठाएका विषयमा प्रवेश गरौं । जम्मा १५१ पृष्ठको यस पुस्तकमा आफ्ना विषयलाई सारांश सहित आठवटा मूल शीर्षक र प्रत्येकका ३/३ वटा उपशीर्षकमा खाँदेर लेखिएको छ । ती सबैको पर्याप्त छलफल यो लेखमा संभव छैन र यो लेखको उद्देश्य पनि त्यो होइन । यहाँ ती मूल शीर्षकहरु र तिनका उपशीर्षकमा समेटिएका विषय वस्तुको संक्षिप्त सारलाई पाठक सामु पुऱ्याउन कोशिस गरिएको छ । यो निम्न अनुसार रहेको छ ।

***कामको बदलिंदो प्रकृति***

पहिलो औद्योगिक क्रान्तिदेखि नै श्रमिकका कामका प्रकृतिहरु फेरिंदै आएका छन् । तर, प्रविधिको विकासले मानिसलाई पुराना प्रकृतिका श्रमबाट विस्थापित गर्ने मात्र होइन यसले रोजगारीको दायरालाई विस्तार पनि गर्दै आएको छ । भूमण्डलीकरण र विकसित प्रविधिको प्रयोगले नयाँ ठाउँहरुमा नयाँ उद्योगहरुको सिर्जना, रोजगारीको विस्तार, उत्पादन लागतमा कमी र बजारको विस्तारलाई सहयोग समेत गर्दछ । तर ती कामहरु भने भिन्न प्रकृतिका हुने गर्दछन् । प्रविधिको पछिल्लो विकासले आजसम्म जानेमानेका कामहरुबाट मजदुरलाई विस्थापन गर्न थालेको छ । २०३० सम्ममा विश्वभर ८० करोड कामदारका जागिर रोबोटले खोस्ने छ भन्ने कुरा विभिन्न सञ्चार माध्यमले प्रचार गर्दै आएका छन् । फलतः मानिसले नयाँ प्रकृतिका काम गर्नका लागि तदनुसारको नयाँ शीपको विकास गर्नु अनिवार्य भएको छ । अहिलेसम्म डिजाईन गर्ने, कलात्मक चित्रहरु कोर्ने, अनुसन्धान गर्ने, टिमको व्यवस्थापन गर्ने, बिरामीको रेखदेख गर्ने र सरसफाइ गर्ने जस्ता कामहरुमा रोबोटले मानिससंग प्रतिस्पर्धा गर्न सकेको छैन । यी बाहेक अन्य नियमित कामहरुमा स्वचालन हावी भएको छ । प्रविधिमा भएको विकास अनुसार शीपको विकास गर्नु अहिलेको एउटा प्रमुख चुनौती हो ।

***व्यावसायिक फर्महरुको बदलिंदो प्रकृति***

विगतमा व्यावशायिक फर्महरु खास देशका सीमाभित्र स्थापित हुन्थे । तर अहिले, भुमण्डलीकरण, स्वतन्त्र व्यापार संभौता र सुधारिएका भौतिक पूर्वाधारका कारण सीमा पारी व्यापार विस्तारको संभावना बढी र खर्च निकै कम हुने गरेको छ । कच्चा मालको र मानवीय श्रमको प्रकृतिका आधारमा एउटा मालका पार्ट-पूर्जाहरु विभिन्न देशमा निर्माण हुने र ती सबैलाई अर्कै एक ठाउँबाट जोरजाम गरी तिनलाई संसारभरी निर्यात गर्ने पुर्वाधारको विकासले व्यापार सहज र नाफामूलक बन्दै गएको छ । तर, अर्कोतिर यसले ठूला फर्महरुको स्थापनालाई सहज तुल्याएको छ र तिनले वैश्विक अर्थतन्त्रलाई आफ्नो हैकम भित्र ल्याएका छन् । विश्वका १० प्रतिशत ठूला कम्पनीहरुले कूल नाफाको ८० प्रतिशत रकम आफ्नो कब्जामा पार्छन् भन्ने अनुमान छ । यसले विश्वभरी धनी र गरीवका बीचको आर्थिक खाडललाई अत्यधिक बढाउँदै लगेको छ । ठूला बहुराष्ट्रिय कम्पनीहरुले व्यापक करछली समेत गर्ने गरेका छन् ।

***मानवीय पुँजीको निर्माण***

मानवीय पुंजी भनेको मानिसले समाजमा एउटा सक्षम उत्पादक सदस्य बन्नका लागि आफ्नो जीवनकालमा आर्जन गरेको ज्ञान, क्षमता र स्वास्थ्यको समग्रता हो । सरदरमा विश्वभरी नै मानवीय पुंजी बढेको देखिन्छ तर, यसको वितरण भने विकसित, विकासशील र अविकसित देशमा निकै असमान रहेको छ । मानिस शिक्षित र स्वस्थ भए मात्र उसको उत्पादन गर्ने क्षमता धेरै हुने हो । तर, विभिन्न देशहरुमा आर्थिक विपन्नताका कारण बच्चाहरु स्वस्थ र शिक्षित हुनबाट बञ्चित हुने गरेका छन् । यसमा सरकारले पर्याप्त आर्थिक लगानी गरेर प्रविधिप्रेमी दक्ष जनशक्ति निर्माण गर्ने प्रक्रियालाई सहज बनाउनु पर्दछ । यसमा ध्यान नदिने सरकारलाई आवश्यक नीति निर्माणमा हस्तक्षेप गर्नु पर्दछ । यसलाई ध्यानमा राखेर विश्व वैंकले मानवीय पुँजी परियोजनाको सुरुआत पनि गरेको छ ।

***जीवनभर सिकिरहने***

विज्ञान तथा प्रविधिको विकासले दिनहुँ नयाँ-नयाँ प्रकृतिका यन्त्रहरु निर्माण भैरहेका छन् । हिजो प्रयोग हुने यन्त्रहरु र तिनलाई सञ्चालन गर्ने विधी आज भिन्न भैसकेको छ । त्यसकारण विज्ञान तथा प्रविधिको विकासका कारण निर्माण हुने स्वचालित मेसिन तथा रोबोटहरुसंग जोडिएर कामगर्ने श्रमिकहरुले आफ्नो शीपलाई अपडेट गर्न अध्ययनलाई निरन्तर जारी राख्नु अनिवार्य भएको छ । आवश्यकता अनुसार श्रमिकको शीपको विकास नभए उसले कुनै पनि बेला कामबाट हात धुनु पर्ने, उसले कम गुणस्तर र कम ज्यालाको काम खोज्दै जीवनभर भौंतारिई रहनु पर्ने र अन्ततः बेरोजगार भएर सडकमा फ्याँकिनु पर्ने स्थिति पैदा हुन्छ । यस्तो नहोस् भन्नका लागि उसले जीवनभर सिकीरहनु पर्ने भएको छ र विद्यार्थीले मात्र होईन प्रौढावस्थाका श्रमिकहरुले पनि आफ्नो कार्यक्षेत्रको बाहिर प्रविधि प्रेमी उच्च शिक्षा (Tertiary Education) मा जोडिइ राख्नु पर्दछ ।

***काममा फिर्ता***

सामान्यतः शिक्षा स्कुलमा लिइन्छ तर त्यो पर्याप्त हुँदैन । विद्यार्थीहरु काममा जोडिए पछि तिनले मानव पुँजी आर्जन गर्छन् । तर, अविकसित तथा उदीयमान अर्थतन्त्रहरुमा अनौपचारिक क्षेत्र ठूलो हुन्छ र यहाँ काम गर्ने मानिसहरुले उत्पादनशील काम पाउन सक्दैनन् । तिनीहरुले गर्ने कामबाट न त पर्याप्त शिक्षा लिन सक्छन् न त त्यो उनीहरुको स्थायी आम्दानीको श्रोत नै बन्न सक्छ । यो स्थितिमा सरकारले औपचारिक कामहरुको सिर्जना गरेर गरीवहरुलाई कामका अवसर प्रदान गर्नु पर्दछ । अर्कोतिर, कामबाट बञ्चित महिलाहरुलाई सरकारले उचित कामको व्यवस्था गर्नु पर्दछ । कृषि क्षेत्रमा रोजगारीको विस्तार गरेर पनि मानव पुँजीको निर्माण तथा त्यसको विकास गर्न सकिन्छ । सरकारले नागरिकलाई काममा पठाएर मानवीय पुँजीको विकासमा जोड दिनु पर्दछ ।

***सामाजिक सुरक्षाको सुदृढिकरण***

मूख्यतः गरीवहरुका बीचमा मानवीय पुँजीको विकासका लागि सामाजिक सुरक्षालाई सुदृढ गर्नु पर्दछ । यसका लागि तीनवटा विधि उपयुक्त हुन्छन् । ती हुनः सामाजिक सहयोग, सामाजिक विमा र मजदुरप्रेमी श्रमनियम । यी विधिको प्रयोगले मानवीय पुँजीको निर्माण गर्ने काममा सहयोग पुग्दछ ।

***सामाजिक समावेशीकरण***

सामाजिक समावेशीकरणको अर्थ समाजमा सबैलाई समान अवसर प्रदान गर्नु हो । समावेशी समाज त्यस्तो समाज हो जहाँ सरकारले समाजका हरेक सदस्यलाई आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्नका लागि समान अवसर प्रदान गर्दछ । यो सरकारको दायित्व हो । समावेशीकरण एउटा देशमा मात्र होईन यो विश्वव्यापी हुनु पर्दछ, यसले नयाँ सामाजिक सम्बन्ध निर्माण गर्नु पर्दछ र यसका लागि आर्थिक लगानी समेत गर्नु पर्दछ ।

माथि सात बुँदामा जे कुरा उल्लेख गरियो ती यो पङ्क्तिकारका आफ्ना भनाई होइनन् । ती उक्त प्रतिवेदनमा समावेश गरिएका सात मूल शीर्षकमा व्यक्त विषयवस्तुका साराँश हुन् । विश्व बैकले गरेको वर्तमान परिस्थितिको विश्लेषण र त्यसका आधारमा गरिएको संश्लेषण यी सात बुँदामा अभिव्यक्त भएका छन् । यी बुँदामा पुँजीवादी विश्वका चुनौती र साम्राज्यवादले अगाडि सारेका समाधान बारे पनि व्यापक चर्चा गरिएको छ । यस पुस्तकले निकालेको अन्तिम र मूल निस्कर्ष के हो भने विज्ञान तथा प्रविधिको विकासका कारण मानिसले आजसम्म गर्दै आएका अधिकांश कामहरु धरापमा परेका छन्, विकसित प्रविधिले सिर्जना गर्ने नयाँ कामका लागि आजको परंपरागत शिक्षा उपयुक्त छैन र त्यसका लागि शिक्षामा गुणात्मक परिवर्तन गरी त्यसलाई प्रविधि प्रेमी बनाउनु जरुरी छ ।

विश्व बैंकले प्रकाशन गरेको अर्को पुस्तक वैश्विक आर्थिक संभावनाहरु २०१९ भन्ने हो । यसमा जम्मा ४ वटा अध्याय रहेका छन् र यो २६४ पृष्ठको ठूलो ठेली हो । यस पुस्तकमा विभिन्न उपशीर्षक अन्तर्गत वर्तमान विश्व परिस्थितिको विश्लेषण र संश्लेषण गरिएको छ । पहिलो अध्यायको शीर्षक नै विश्वको भविष्य : आकाशमा कालो बादल मडारिंदै (Global Outlook: Darkening Skies) भन्ने रहेको छ । क्षेत्रीय भविष्य (Regional Outlooks) शीर्षक दिइएको दोस्रो अध्यायमा पूर्वी एशिया तथा प्रशान्त क्षेत्र, युरोप तथा मध्य एशिया, ल्याटिन अमेरिका तथा क्यारिवियन क्षेत्र, मध्यपुर्व तथा उत्तर अफ्रिका, दक्षिण एशिया र अफ्रिकी सहारा क्षेत्रको क्षेत्रगत अध्ययन गरिएको छ । तेस्रो अध्यायको शीर्षक ओफेलमा बृद्धि : अनौपचारिकताका चुनौतहरु (Growing in the Shadow: Challenges of Informality) भन्ने रहेको छ र पुस्तकको अन्तिममा दुईवटा समसामयिक विषय केन्द्रित निवन्धहरु राखिएका छन् । ती मध्ये पहिलो कम आयवाला देशहरुमा ऋण : विकास प्रक्रिया, प्रभाव र उपचार शीर्षकमा र दोस्रो खाद्यान्नको मूल्य र नीतिको धक्का गरीवि भन्ने शीर्षकमा लेखिएका छन् । समग्रमा यो पुस्तकमा पुँजीवादको आसन्न सङ्कट तथा धनी र गरीवका बीचको गहिरिंदै गएको खाडल बारे चिन्ता व्यक्त गरिएको छ ।

उपरोक्त शीर्षकहरुमा गरिएको विश्लेषणलाई यस पुस्तकको प्रकाशक मण्डलले नै संश्लेषण पनि गरेको छ । त्यसको कार्यकारी सारांश ९भ्हभअगतषखभ क्ाबचथ० नामको उपशीर्षकमा स्पष्टसंग लेखिएको छ, "वैश्विक अर्थव्यवस्थाका लागि भविष्यको चित्र अंध्यारो देखिन्छ । विश्वमा आर्थिक लगानिका शर्तहरु कस्सिएका छन्, औद्योगिक उत्पादन मध्यम छ, व्यापारिक तनाव चर्कंदो छ र उदीयमान केही ठूला बजार तथा विकासशील अर्थतन्त्रहरुले अत्यधिक चर्को आर्थिक तनावको अनुभुति गर्न थालेका छन् । हावाका यी फोंक्काहरुको सामना गरिरहेका ती बजार र अर्थतन्त्रहरुले त्यसमा सुधार गर्ने आफ्नो सामर्थ्य गुमाएका छन् । नकारात्मक जोखिमहरु अफ बढेका छन् र ती जोखिममा वित्तीय बजारमा आउने अव्यवस्थित उथल-पुथल र व्यापारिक विवादमा हुने बृद्धि आदि पर्दछन् । उदीयमान बजार तथा विकासशील अर्थतन्त्रहरु र विशेषतः कम आयवाला देशहरुमा ऋणको जोखिम अफ बढेको छ । वारंवार आईपर्ने मौसम सम्बन्धी गंभीर परिघटनाहरुका कारण अन्तर्राष्ट्रिय बजारमा गरीविलाई अफ गहिऱ्याउने गरी खाद्यान्नको मूल्यले ठूलो छलाङ्ग मार्ने संभावना बढेको छ ।" यो आगामी विश्वको यथार्थ चित्रण हो ।

**अब आफ्ना कुरा**

विश्व बैंक भनेको पुँजीवादी विश्व व्यवस्थाको आर्थिक मेरुदण्ड हो । यसमा दुई मत छैन । यसले साम्राज्यवादका नाईकेहरुका लागि आर्थिक नीतिहरु निर्माण गर्ने काममा निर्णायक भुमिका खेल्दछ । पुँजीवादको वैचारिक आधार नवउदारवाद क्रमशः असफल बन्दै गएको र त्यसको विकल्पमा नयाँ विचार पनि स्थापित नभैसकेको वर्तमान सङ्क्रमणकालिन अवस्थामा विश्व बैंकले विश्वको भविष्य अन्धकार देखेको छ । बुर्जुवा चिन्तकहरु (Think Tanks) पुँजीवादी व्यवस्थाको रक्षाका लागि नयाँ उपायको खोजीमा भौंतारिइ रहेका छन् । यी दुवै पुस्तकहरु यसैका परिणाम हुन् । यहाँ उनीहरुले एउटा उपाय सुफाएका छन् त्यो हो प्रविधिको कमाण्डमा कामगर्न "सक्षम" मानवीय पुंजी निर्माण गर्ने शिक्षा प्रणालीको स्थापना र त्यसै अनुरुप आर्थिक प्रणाली तथा संरचनाहरुको निर्माण । यसलाई साम्राज्यवादीहरुले सङ्कट मोचनको उपयुक्त हतियार ठानेका छन् ।

यहाँ, उनीहरुले प्रविधि अनुरुपको शीप विकास गर्ने जुन उपाय सुफाएका छन् त्यो चेतनालाई प्रविधिले कमाण्ड गर्ने उल्टो बाटो हो । चेतना र प्रविधिको द्वन्द्वमा चेतनाले प्रविधिलाई निर्देशन तथा नियन्त्रण गर्नु पर्दछ प्रविधिले चेतनालाई होइन । साम्राज्यवादीहरुले अत्यधिक मुनाफा आर्जन गर्नका लागि प्रविधिलाई अनियन्त्रित रुपमा छाडा छोडेका छन् । यसले प्रविधिको भरपुर उपयोग गरेर देश र जनतालाई समृद्ध बनाउने तिर होइन, बरु पुँजीपतिहरुको एउटा सानो हिस्सालाई प्रविधिको मालिक बनाएर अथाह सम्पत्ति आर्जन गर्ने बाटो अफ फराकिलो पारिदिने र बाँकीलाई बेरोजगार बनाएर सडकमा मिल्काइ दिने कुरा छर्लङ्ग छ । वस्तुतः यो सङ्कट मोचन गर्ने उपयुक्त विधि नभएर पुँजीवादी विश्व व्यवस्थामा थप सङ्कट थोपर्ने हतियार हो । पुँजीपतिले निर्माण गर्ने सबै वस्तुहरु अन्ततः पुँजीवादका मलामी हुन् भनेर कम्युनिस्ट घोषणापत्रमा मार्क्स र एङ्गेल्सले भन्नु भएको यसै भएर हो ।

सर्बहारा वर्गले शिक्षाको विकासको कहिल्यै विरोध गर्दैन । तर कुन प्रयोजन र कसका लागि शिक्षाको विकास, यसमा भने सर्बहारा वर्गले गहिरो चासो राख्ने गर्दछ । सर्बहारा वर्गले देश र जनताको सामुहिक भलाईका निमित्त प्रविधिको समयानुकुल विकास र प्रयोग गर्न शिक्षा प्रणालीमा फेरबदल गरिराख्नु पर्दछ भन्ने कुरामा जोड दिन्छ । तर यसका लागि सर्बहारा वर्गको नेतृत्वमा वैज्ञानिक समाजवादको स्थापना अनिवार्य छ र अनि मात्र प्रविधिलाई श्रमजीवि वर्गको सामुहिक सम्पत्ति बनाउन र त्यसलाई देश र जनताको समृद्धिका पक्षमा प्रयोग गर्न सकिन्छ । पुँजीवादी व्यवस्थामा पुँजीपति वर्गको नेतृत्वले प्रविधिलाई सर्बहारा वर्गको हितमा प्रयोग गर्दैन, पुँजीपति वर्गको हितमा काम गर्दछ । प्रविधिको आफ्नै भन्ने वर्ग हुँदैन । जुन वर्गले प्रविधिको नेतृत्व गरेको छ त्यसले त्यसैको सेवागर्ने हो ।

अहिले पुँजीवाद गंभीर सङ्कटमा छ । यो विश्व सर्बहारा क्रान्तिको विकासका निमित्त अत्यन्त अनुकुल परिस्थिति हो । यो स्थितिमा विश्वभरका सबै क्रान्तिकारी कम्युनिस्टहरुले आ-आफ्नो देशमा आन्दोलनको विकास गरेर र "संसारका मजदुर एक हौं !" भन्ने नाराका आधारमा अन्तर्राष्ट्रिय एकता निर्माण गरेर समाजवादको स्थापनाका लागि अगाडि बढ्नु जरुरी छ । पुँजीवादको अन्त र वैज्ञानिक समाजवादको स्थापना अब धेरै टाढा छैंन । १९३० मा जोहन मेनार्ड केनिसले प्रविधिको विकासका कारण आउने १०० वर्षमा मानवजाति प्रतिदिन तीन घण्टा काम गरेर पुग्ने फुर्सद र प्रचुरताको युगमा प्रवेश गर्ने छ र त्यतिबेला श्रम मन बहलाउने साधन बन्ने छ भनेका थिए । प्रविधिको विकासले उनको त्यो कल्पनालाई आज संभव बनाएको छ । तर, त्यो पुँजीवादी व्यवस्था अन्तर्गत होइन वैज्ञानिक समाजवादमा मात्र संभव छ । वैज्ञानिक समाजवादको स्थापना पछि श्रमिक वर्गको नेतृत्वमा हुने प्रविधिको समुचित प्रयोगले जोहन मेनार्ड केनिसको कल्पनालाई व्यवहारतः सत्य साबित गर्ने छ ।

## जीवन...

प्रहरीले गिरफ्तार गरेछ । माओवादीहरू त्यही आएर खाना खाएर हिंडेको केही समयपछाडि प्रहरी पुगेछ र उहाँलाई गिरफ्तार गरेछ । सँगै रहेका मेरा काका तुलबहादुर वि.क.ले यो मान्छे माओवादी होइन, अप्रेशन गरेर आराम गर्न गाउँ आएको भन्नुभएछ । त्यति भन्दा पनि पुलिसले उहाँलाई छाडेन । गाउँका सुराकीले सबै कुरा पहिल्यै बताएको हुनाले पुलिसले नछाडेको होला । पछि फोला खानतलासी गरी उहाँको साथबाट माओवादी पार्टीका कागजपत्र पुलिसले फेला पारेछ । त्यसपछि त किन छोड्थ्यो र ! ढाँटेको भन्दै काका तुलबहादुर वि.क.सहित उहाँहरूलाई पाता कसेर निर्मम यातना दिँदै पुलिसले आफ्नो कब्जामा लिएर हिंडेछ । स्वारागाउँमा ताकु देउराली हुँदै घ्याम्पेसाल ल्याएर दुईदिनसम्म अमानवीय यातना दिँदै राखेछ । अपरेशनले थलिएको मान्छेलाई दुईदिनसम्म पिट्दै सुख्खा माटो जमिन खन्न लगाएछ । त्यसपछि पिट्दै पिट्दै दिङ्ले र आहाले हुँदै सिमले पँधेरामा ल्याएर उहाँसँगै मेरो काका (उहाँको काका ससुरा) तुलबहादुर वि.क. समेतको निर्ममतापूर्वक हत्या गरेछ ।

सिमले पँधेरामा कुट्दै लडाउँदै ल्याउँदा उहाँहरू बिचेत भइसक्नु भएको रहेछ । त्यहाँका स्थानीयहरूको भनाइअनुसार सिम्ले पँधेरामा ल्याएपछि उहाँ र काका तुलबहादुर वि.क.लाई शारीरका विभिन्न भागमा १८ राउण्ड गोली हानेर हत्या गरेको थियो । यसरी यो आतङ्ककारी राज्यले एउटा अप्रेशन गरेर घरमा आराम गरिरहेको निशस्त्र नेपाली नागरिकलाई ठूलो यातनापछि चैत्र ६ गते दोहोरो भिडन्तको नाममा क्रुरतापूर्वक हत्या गर्यो । आमाबुवाको काख रित्याउने काम गर्यो, मेरो सिन्दुर पुछियो भने दुईजना कलिला छोराछोरी टुहुरो बनाउने काम गर्यो । त्यस्को जति निन्दा गरे पनि कमै हुन्छ ।

यसरी प्रहरीले क्रुरतापूर्वक एउटा निशस्त्र नागरिकको अवस्थामा रहेको मेरो श्रीमान क. ओमबहादुर वि.क. र काका तुलबहादुर वि.क.लाई हत्या गरेपछि दोहोरो भिडन्तमा मारिएको हवाला दिँदै हामी परिवारलाई लास बुझ्न आदेश गरेको थियो । तर हामीले विरामी अवस्थामा गाउँमा आराम गरिरहेको मान्छेलाई बिनाकारण गिरफ्तार गरी हत्या गरिएको मान्छेलाई दोहोरो भिडन्तको नाममा मारिएको फुठो कुरा गरेको कारण हामीले लास बुझ्न मानेनौं । परिवारले लास बुझ्न नमानेपछि प्रहरीले देवघाट ल्याएर लास जलाएको थाहा पाइयो ।

जुन लक्ष्य र उद्देश्य लिएर जनयुद्ध सुरु भएको थियो, त्यो पूरा भएजस्तो लाग्दैन । राजतन्त्रको अन्त्य भए पनि जनताको जीवनस्तर र राज्य सत्ताको चरित्र बदलिएजस्तो लाग्दैन । प्रचण्डहरू अहिले आएर एमालेसँग मिल्नुभयो । एमालेकै राजनीति गर्नुथियो भने जनयुद्ध किन गर्नुपर्थ्यो र ? क. ओमबहादुर वि.क. जस्ता नेपाल आमाका छोराछोरीहरूले किन बलिदानी दिनु पर्ने थियो र ? ०५२ सालअगाडि नै मिलेको भए भैहाल्थ्यो नि ! अहिले आएर उहाँहरूले नेपाली जनता र महान् सहिदको सपनामाथि खेलबाड गरेजस्तो लाग्छ । उहाँहरूको राजनीति र जीवनशैली देख्दा दुःख लागेर आउँछ ।

१० बर्षे महान् जनयुद्धमा शहीदहरूले बगाएको रगत र क्रान्तिको सपना पूरा गर्न आवश्यक छ जस्तो लाग्छ । त्यसका लागि बाटो बिराउने र एमालेमा विलय हुने माओवादीहरूले गद्दारी गरे पनि क्रान्तिकारी विचारमा दृढ भएर लागेका माओवादीले क्रान्तिको बाटोमा अगाडि बढिरहून् । लक्ष्यमा नपुगेसम्म क. ओमबहादुर सुनारले बोकेको फण्डालाई ढल्न नदिऊन् । उनले बालेको क्रान्तिकारी दियोलाई निभ्न नदिऊन् । यो नै कमरेड ओमबहादुर सुनारलगायत महान् जनयुद्धका सहिदप्रति सच्चा श्रद्धाञ्जली हुन्छ । हामी त उहाँले लिएको क्रान्तिको बाटो हिंड्नेलाई भित्रैदेखि सहयोग गर्न तयार छौं ।

*(अशोक शर्मा र नारायण शर्मा बिपिनसँगको कुराकानीमा आधारित)*


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाइ थापा - ९८४४२५२३८५
सानोभाइ फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चावहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३५५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# नागरिक शिक्षाको महत्व

❑ सुदर्शन अधिकारी

नागरिकको लागि आवश्यक पर्ने सवै क्षेत्रको वारेमा सामान्य शिक्षा हुनु नै नागरिक शिक्षा हो नागरिक शिक्षाले समाजका सदस्यलाई नागरिक अधिकार कर्तव्य शासकको दायित्व आदर्श नागरिकका लागि आवश्यक गुणजस्ता बिषयमा ज्ञान दिने कार्य गर्छ । नागरिक भनेको के हो ? नागरिक हुनु र नहुनुमा के अन्तर हुन्छ ? नागरिक अधिकारको उपयोग कसरी गरिन्छ ? समाज र राज्यवाट नागरिकले कस्तो नागरिक शिक्षा प्राप्त गर्न सक्छन ? जस्ता सवालको वारेमा स्पष्ट जवाफ दिने कार्य नागरिक शिक्षाले गर्छ । प्रजातान्त्रिक शासन व्यवस्था भएका राज्यमा नागरिक शिक्षा अन्तर्गत शासन व्यवस्था सम्वन्धि ज्ञान वा स्वशासनको शिक्षा पनि पर्दछ । नागरिक शिक्षाले प्रजातन्त्र भनेको कस्तो शासन व्यवस्था हो ? यसमा जनताको कस्तो स्थान रहन्छ ? शासनमा जनता कसरी सहभागी हुन्छन भन्ने जस्ता कुराहरु बताउने कार्य गर्छ ।

प्रजातन्त्र भनेको जनताको शासन हो यस व्यवस्थामा जनताको समान हिस्सा हुन्छ । जनताद्धारा छानिएर गएका जनप्रतीनीधिहरु मार्फत नै देशको शासन व्यवस्था सञ्चालन हुन्छ । जनतावाट चुनिएर गएका प्रातीनीधिहरुले नै देशको लागि आवश्यक सवै कानुन निर्माण गरी लागु समेत गर्छन । प्रजातन्त्रिक व्यवस्थामा राज्यका नागरिकहरु प्रजाका रुपमा नभई नागरिकका रुपमा रहेका हुन्छन त्यसैले शासकले दिएका सुविधाको उपयोग गर्ने र शासकको आज्ञा चुपचाप स्वीकार्न नभएर एवम अफ्ना प्रातीनिधि मार्फत शासनमा सहभागी हुन्छन भन्ने ज्ञान नाागरिक शिक्षावाट प्राप्त हुन्छ । नागरिक शिक्षा त्यस्तो शिक्षा हो जसले समाजका सदस्यहरुलाई राजनीतिक चेतना प्रदान गर्छ । साथै नागरिकलाई राजनीतिमा सक्रिय सहभागिताको लागि प्रोत्साहित समेत गर्छ । नागरिक शिक्षाले नै नागरिकलाई सचेत र अधिकार तथा कर्तव्यप्रति उत्तरदायी वनाउँछ ।

नागरिक शिक्षाको क्षेत्र भनेको नागरिकहरुलाई राज्यप्रति कर्तव्य परायण शासकप्रति आज्ञाकारी बनाउन बढि जोड दिन्थ्यो किनभने पहिले पहिले सामान्य नागरिकलाई शासनको अधिकार हुन्थ्यो वर्तमान समयमा प्रजातान्त्रिक धारणा व्यापक भएकोले राज्यमा सदस्यहरु राजनीतिक अधिकार युक्त हुन्छन् त्यसैले आजभोलि यस अन्र्तगत अधिकार र कर्तव्यको बोध हुने दुबै कुराहरु पर्छन । नागरिक शिक्षालाइ सामाजिक मुल्य मान्यता र राजनीतिक प्रणालीले निर्धारित गरेको हुन्छ । त्यसैले गर्दा एउटा सामाजिक र राजनीतिक प्रणालीले निर्धारित गरेको नागरिक शिक्षा अर्को प्रणालीमा लागु नहुन सक्छ । एउटा परम्परागत र निरङकुस शासन अनुसारको नागरिक शिक्षा प्रजातान्त्रिक र उदार समाजको भन्दा फरक हुन्छ । त्यसैले नागरिक समाज गतिशील भएकोले नागरिक शिक्षा पनि समाजसगै परिवर्तित भैरहन्छ । त्यसैले नागरिक अधिकार यति नै हो भनेर किटान गर्न पनि कठिन छ ।


नागरिक शिक्षाको क्षेत्र निर्धारण गर्न गाह्रो र परिवर्तनशील भए पनि सामान्यतया नागरिक शिक्षाअन्तर्गत राज्यको सदस्यता वा नागरिकता आदर्श नागरिक लागि आवश्यक गुणहरु नगरिक अधिकार नागरिक समाज र राज्यप्रतिको दायित्व नागरिक समाजमा विद्यमान रजनीतिक आर्थिक तथा सामाजिक असमानता जस्ता सवालहरु यस अन्तर्गत पर्छन । त्यसै गरि प्रजातान्त्रिक शासन व्यवस्था भएका राज्यमा नागरिक शिक्षा भन्नाले स्वशासन सम्बधी शिक्षा भएकाले त्यस्तो स्थानमा यसअन्तर्गत प्रजातान्त्रिक शासन प्रणाली प्रजातान्त्रिकधारमा मूल्य र मान्यताहरु शासनमा नागरिकको स्थान र सहभागिताको आधार जनप्रतिनीधिहरुको जिम्मेवारी निर्वाचनको महत्व तथा वहुलवादी समाजमा सबै वर्गको सहिष्णुता जस्ता कुराहरु यस अन्तर्गत पर्ने विषयहरु हुन् । समाजमा हरेक सदस्यहरुले आफ्नो अधिकारको प्रयोग गरी अरुको अधिकारको हनन् नहुने गरी गर्नुपर्छ ।

अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटामै हुन्छन् । एउटा व्यक्तिको अधिकार र अर्को व्यक्तिको कर्तव्य र एउटा व्यक्तिको कर्तव्य अर्को व्यक्तिको अधिकार हो । अधिकारको हकदार त्यही व्यक्ति हुन्छ जो आफ्नो कर्तव्य पालन गर्दछ । कर्तव्यको दुनियाँमा मात्र अधिकार जीवित रहन सक्छ । सबैले केबल अधिकार मात्र खोज्ने र कर्तव्य पालन नगर्ने हो भने त्यस्तो अवस्थामा अधिकार कायम हुन सक्तैन । समाजका सदस्यले नागरिक शिक्षा प्राप्त गरे भने आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको हनन हुने गरी गर्दैनन् किनकी उनीहरुलाई आफ्नो अधिकारको सीमा के हो? र आफू समाजको सदस्य भएको नाताले समाजप्रतिको आफ्नो कर्तव्य के हो? भन्ने कुराको ज्ञान हुन्छ । नागरिक शिक्षाले समाजका सदस्यलाई अधिकारप्रति सचेत बनाउनुको साथै आफ्नो कर्तव्य पालन गर्न प्रेरित गर्दछ ।

नागरिक शिक्षाले अनुशासनपूर्ण जीवन बिताउन प्रेरित गर्ने हुँदा त्यसबाट अनुशासनपूर्ण समाजको निमार्णमा मद्दत पुग्छ । कुनै पनि राज्य आदर्श हुन समाज पनि आदर्श हुनुपर्छ । समाज आदर्श हुनका लागि आदर्श नागरिक हुन आवश्यक हुन्छ । नागरिक शिक्षाले आदर्श नागरिक के हो? र आदर्श नागरिक हुन के कुरा आवश्यक पर्छ, भन्ने कुराको ज्ञान दिई आदर्श नागरिक निमार्णमा सहयोग पुऱ्याउँछ । राजनीतिक चेतना र ज्ञान भएका नागरिकहरु भएमा नै योग्य र सक्षम शासक हुन सक्छन् । नागरिक शिक्षाले नागरिकलाई राजनीतिक चेतना प्रदान गर्ने हुदाँ पनि यो ज्यादा महत्वपूर्ण भएको छ । प्रजातान्त्रिक शासन व्यवस्थामा नागरिकमा प्रजातान्त्रिक मूल्य ,मान्यता र ठोस प्रतिवध्दताको आवश्यकता पर्दछ । प्रत्येक नागरिकमा प्रजातान्त्रिक आदर्शबारे आवश्यक ज्ञान र त्यहि अनुरुपका सीप र दायित्व भएमा प्रजातन्त्र दिगो र बलियो हुन्छ ।

नागरिक शिक्षाले संकीर्ण भावना हटाई नागरिकमा सामुहिक र सामाजिकताको भावना विकसित गराउँछ । यसले समाजमा रहेका विविध समूहहरुबीच सहिष्णुताको वातावरण सृजना ...*बाँकी ५ पेजमा*

# आश्चर्यजनक 'प्रशान्त अग्निको घेरा'



विश्वका ताजा आश्चर्यहरुमध्ये प्रशान्त अग्निको घेरा एक जीवन्त आश्चर्य हो । यो घेराले प्रशान्त महासागरको वरिपरि रहेका महादेशहरुका तटीय इलाकाहरुलाई आफ्नो अग्निरुपी बाहुपासमा पारेको छ । यो घेरामा रहेका तटीय इलाकाहरु निकै जोखिमपूर्ण, ध्वंशात्मक र जीवित ज्वालामुखीको निरन्तर बिस्फोट र भूकम्प तथा सुनामीका चपेटामा रहेका छन् । पहिले पहिले पृथ्वीमाता रिसाएकी प्राकृतिक देवता रिसाएका, समुद्रकी देवता रिसाएकी र कतिपयले महासमुद्रको राक्षस रिसाएको भनी भाकल गर्ने, पूजाआजा गर्ने, बली दिने र पुकार गरिरहने गर्दथे । पछि जब ज्वालामुखी बिष्फोट हुने, भूकम्प आउने, त्यसैका कारणले विनासकारी सुनामी निम्त्याउने कुराको ज्ञात भएपछि प्रशान्त महासागरका बरिपरिका तटीय इलाकामा ज्वालामुखी बिष्फोट तथा भूकम्पको सिस्मोग्राफ यन्त्र मार्फत् मापन थालियो । यसले जनतालाई वैज्ञानिक सोच र चिन्तनतिर डोऱ्यायो । जनता अब प्राकृतिक विपत्ति तथा यसले निम्त्याउने जोखिमप्रति सचेत हुँदै गए । र, तदनुसार बच्न र बचाउनका लागि उपायहरुको पनि खोजी गर्न थाले । अहिले यो अग्निको घेरामा बस्ने महासमुद्रको तटीय इलाकामा रहेका मानिसहरु भूकम्प तथा सुनामीबाट बच्न निकै नयाँनयाँ प्रविधि र उपायहरु प्रयोगमा ल्याइरहेका छन् ।

प्रशान्त अग्निको घेराले विभिन्न महादेशहरुको विसाल तटीय इलाकालाई प्रभावमा पारेको छ । यी इलाकाहरु आफैमा ज्वालामुखी र निरन्तर भूकम्प गइरहने इलाकाहरु हुन् । भूगर्भविदहरुले यसलाई साधरण तथा नियमितता जनाउने नाम दिएका छन् । 'अग्नीको घेरा' आफैमा नामले नै यसको नियमित क्रियाहरु अभिव्यक्त गर्दछ । भूगर्भविदका अनुसार प्रशान्त अग्निको घेरा आफैमा विभिन्न महादेशीय टेक्टोनिक तथा सहटेक्टोनिक ल्पेटहरुको एकापसमा ठोक्किने र एकले अर्कालाई धकेल्ने तथा उचाल्ने र दबाउने क्रियाप्रतिक्रियाको परिणाम हो । त्यो भनेको यी क्षेत्रहरुमा निरन्तर ज्वालामुखी बिष्फोट र भूकम्पीय हलचलहरु भइरहनु हो ।

प्रशान्त महासागीय यो हलचलको क्षेत्रलाई वैज्ञानिकहरुले एक अग्नि घेराका रुपमा चित्रित गरेर अध्ययन गर्न र बुझ्न सजिलो बनाएका छन् । त्यहाँ भूकम्पीय हलचल र ससाना बिष्फोटनहरु नियमित रुपमा नै हुने गर्दछन् । तटीय इलाकामा बस्ने मानिसहरु यी ससाना भूकम्पीय गतिविधिसँग निकै चिरपरिचित र मैत्रीपूर्ण रहेका पनि छन् । यसरी यस्ता प्राकृतिक प्रकोपहरुलाई सहज रपमा लिंदा कहिलेकाँही ठूल्ठूला दूर्घटनाहरु पनि निम्तने गरेका छन् । तर पनि भूकम्पमापन यन्त्रहरु, संकटपूर्वका सूचना संयन्त्र र प्रणालीहरुले तटीय इलाकाका मानिसहरुलाई निकै ठूलो सहयोग गरिरहेको छ ।

प्रशान्त अग्निको घेरा आफैमा प्रशान्त महासागरको वरिपरिको तटीय इलाका हो, जुन न्युजिल्याण्डदेखि, इन्डोनेसिया, फिलिपिन्स, जापान र रसियादेखि अलास्कासम्म २५ हजार माइल लामो रहेको छ । यसले उत्तर अमेरिका र दक्षिण अमेरिकालाई पनि छाडेको भने छैन । भूगर्भविदका अनुसार टेक्टोनिक प्लेटहरुका कारणले हुने यो डरलाग्दो तटीय हलचल ससाना टेक्टोनिक प्लेटहरुका कारणले झन् बढी हुने गरिरहेको छ । यी सहायक टेक्टोनिक प्लेटहरुमा फिलिपिनो प्लेट, जुआँ डे फुका प्लेट, कोकोस क्यारिबियन प्लेट र नाज्का पल्टेहरु मुख्य रहेका छन् । फिलिपिनो सहप्लेटको अस्थिरताका कारणले फिलिपिन र जापानलाई निकै सताइरहेको छ । यहाँको अवर्णनीय र अत्यासलाग्दा घटनाहरु यसैको कारणले हुने गरेको छ । त्यसैगरी जुआँ डे फुका सहप्लेटको हलचलका कारणले संयुक्त राज्य अमेरिका बढी नै प्रभावित छ । संयुकत राज्य अमेरिकाको क्यालिफोर्निया, ओरेगन र वासिंगटन बढी प्रभावित हुने गरेका छन् । यसपछिको बढी प्रभाव कोकोस तथा क्यारिबियन सहप्लेटले निम्त्याएको पाइन्छ । यसको प्रत्यक्ष प्रभाव मेक्सिको र मध्यअमेरिकी महदेशसम्म रहने गरेको देखिन्छ । यस अतिरिक्त नाज्का सहटेक्टोनिक प्लेटले दक्षिणी अमेरिकी महादेशका पश्चिमी देशहरुलाई सताउने गरेको छ ।

महासागरीय तरलताको चापमा आउने फेरबदल, पानीको भेदन, तथा चलयामान सहटेक्टोनिक प्लेटका कारणले निरन्तर ज्वालामुखी विष्फोटन र भूकम्पीय हलचलका साथै सुनामी यो अग्नि घेराको आफ्नो स्वत्व र पहिचान हो । यो प्राकृति र नियमित भएकाले स्वाभाविक बनिसकेको छ । पहाडी इलाकाहरुमा जाने पहिरो, तराईमा सताउने बढी र डुबान जस्तै प्रशान्त महासागरको तटीय इलाकाहरुका मानव वस्तीमा पनि यी प्राकृतिक आग्नेय गतिविधिलाई स्वभाविक रुपमा लिइन्छ । क्षति हुँदा विलाप गर्ने र नहुँदा स्वभाविक रुपमा पचाउने मानिसको प्रवृत्ति नै हो ।

तर पनि मानिसहरु यी सबै कुरा 'राम भरोसे' हुनुभन्दा पनि वैज्ञानिक र वस्तुगत हिसाबले थाह पाए भने त्यसबाट हुने क्षति कम गर्न र बचाउका लागि उपायहरुको विकास र अवलम्बन गर्न सक्ने छन् ।

महासमुद्रको तटीय इलाकामा एकातिर जमिनको साह्रो भाग र अर्कातिर पानीको तरल भागमा पर्ने चुम्कीय तथा गुरुत्व बलको असर भिन्दा भिन्दै हुने गर्दछ । पूर्णिमाको रातमा चन्द्रमा नजिक हुनाले पर्ने असर समुद्रमा पनि प्रष्ट देखा पर्दछ । पूर्णिमाको दिन समुद्रमा ठूलाठूला ज्वारभाटाहरु उठ्ने र तटीय इलाकामा पानीको सतह बढ्ने हुनछ । समुद्रको पानीको भाग गुरुत्वाकर्षणका कारणले बढी तानिने र जमिनको भाग नतानिने भएकाले यसले टेक्टोनिक तथा सहटेक्टोनिक प्लेटहरुमा प्रत्यक्ष प्रभाव पार्दछ । यही दबाब र प्रभावका कारण समुद्रको सतह कहींकतै फाट्न जाने वा भासिने गर्नाले लाभा निस्किएर ज्वालामुखी बिष्फोट हुन गई भूकम्प पनि आउने र समुद्री सुनामीले सताउने हन्छ ।


**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

*एल.पी. ग्यास अत्यन्तै प्रज्ज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।*

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइपा फेरौं । खाना पकाउँदा सधैं झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरु जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनै पनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्बमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटोभन्दा छिटो नजिकको ग्यास बिक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

***सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।***
***उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड***

**नेपाल आयल निगम लिमिटेड**
**केन्द्रीय कार्यालय, बबरमहल**
**फोन नं. ४२६२९७०, ४२६३४८५**










**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।